**सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्या :१०** **मितिः २०७८/०४/०१**

# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संम्बत् २०७८ सालको नीति,कार्यक्रम र वजेट मन्तव्य नं. १

सानीभेरी गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति,कार्यक्रम र वजेट मन्तव्य,२०७८

- गाउँ सभामा प्रस्तुत मितिः २०७८/०३/०८
- गाउँ सभाबाट पारित मितिः २०७८/०३/२५
- अध्यक्ष वाट प्रमाणीकरण मितिः २०७८/४/०५

**गाउँ सभाका अध्यक्ष महोदय,**

१. **आज यो गरिमामय गाउँ सभामा** संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गौरवशाली इतिहास बोकेको सानीभेरी गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०७८/७९ कोनीति, कार्यक्रम र बजेट पेश गर्न गईरहेको छु।यस ऐतिहासिक क्षणमा जनयुद्ध, जनआन्दोलन, जनक्रान्तिमाआफ्नो जीवन उत्सर्ग गर्नुहुने वीर विराङ्गाना महान शहीदहरु

प्रति हार्दिक श्रद्धाञ्जली अर्पणगर्दै घाइते र वेपत्ता यौद्धाहरुप्रति हार्दिकसम्मानव्यक्तगर्न चाहन्छु।

२. **विश्वव्यापीरुपमा फैलिरहेको कोभिड-१९ (कोरोना भाइरस)**संक्रमणको कारण गाउँपालिकाम मृत्यु हुने सामाजिक व्यक्तित्व टेक वहादुर पुन लगायत सवैलाई हार्दिक श्रदाञ्जली अर्पण गर्दै सवै बिरामीहरुको स्वास्थ्य लाभको कामना ब्यक्त गर्द छु । कोरोना संक्रमणको प्रभाव सानीभेरीगाउँपालिकामा उच्च जोखिम रहिआएकोले कोरोना भाइरस रोगको संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि प्रदेश र संघीय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवस्थापन गरीने छ ।संक्रमणको अवस्था के हुनेहो एक्िन गर्न गाह्रो भएतापनि आवश्यकताको आधारमा जुनसुकै चालु प्रकृतिकाशिर्षकहरुलाई संशोधनगरी खर्चगर्ने सिकिने नितिगत ब्यवस्था गरिएको छ । कोरोना भाईरस संक्रमणको विरुद्धको संयुक्त मोर्चामाजनप्रतिनिधिहरु, स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, राजनीतिक दलहरु, युवा साथीहरु, शिक्षक बुद्धिजिवी र पत्रकार साथीहरुलाई केन्द्रित योजनामा एकीकृत परिचालन गरी जनताको जिउ ज्यानको सुरक्षा गर्न गाउँपालिका सरकार प्रतिवद्ध रहदै **विपद ब्यवस्थापनको कोष तर्फ १ करोडको बजेट ब्यवस्था गरेको छु ।**

३. **नेपालको संविधान २०७२ अनुसार** सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले लोकतान्त्रिक विधिबाट संघ, प्रदेश र स्थानीय तिनैतहको सरकार दिएको हुनालेअन्तरसम्बन्धलाईबलियो बनाउन सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई गाउँपालिका सरकारले आत्मसाथ गर्छ ।भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता सहित सापेक्षितबेशी र पहाडी भू-भागले बनेको, प्राकृतिक स्रोत साधनको संभावना रहेको सानीभेरी गाउँपालिकाले "गुणस्तरिय शिक्षा दीगो स्वस्थ्यसेवा र भौतिकपूर्वाधार-समृद्ध गाउँपालिका खुसी जनताको लागी कृषिपशुपर्यटन विकास र रोजगार" भन्ने मुख्यनारामा गाउँपालिका योजनाबद्ध विकास, समृद्धि र सुशासनको बाटोमा अघि बढिरहेको छ।

४. **आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा नीति र कार्यक्रमको लक्ष्य "समृद्ध गाउँपालिका खुशी जनता"** लाई पछ्याउन आर्थिक वृद्धि दर हासिल गर्ने, युवा श्रमशक्तिलाई गाउँपालिकामै स्वरोजगारी उपलब्ध गराउन सरकारी, सहकारी र निजी क्षेत्रसंगको साझेदारीमा रोजगारीका अवसरहरु सिर्जना गर्ने,रोजगारीका लागि विदेशिनु पर्ने बाध्यतालाई न्युनिकरण गर्न प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रमलाइ प्रभावकारी वनाउने साथै कृषि र पशु विकास उत्पादकत्व पकेट क्षेत्र विकास गरी रोजगार सिर्जना गर्ने नीति र कार्यक्रमलाई पहिलो प्राथमिकता दिएकोछु।

**गाउँ सभाका अध्यक्ष महोदय,**

५. **समाज रुपान्तरणको लागि देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठुलो राजनीतिक परिवर्तन** पछि राज्यको पहुँच विनाका उत्पिडित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्फुर्तरुपमा जागृत हुदैं जनताका इच्छा, आकांक्षा र चाहनाहरु पनि निरन्तर

रुपमा विकसित हुदैं आएकोले स्थानीय सीमित स्रोत र साधनको समुचित प्रयोगबाट निरन्तर बढ्दा विकासका आकांक्षाहरु पुरा गर्ने प्रयत्न गरिनेछ। उपरोक्त पृष्ठभूमिमा गत आर्थिक वर्ष २०७७/०७८ माबजेट विनियोजन र निति तथा कार्यक्रममा समावेश गरिएका योजनाहरुको प्रभावकारी कार्यान्वयन अनुगमन र समिक्षाको दृष्टिले कति योजना सम्पन्नभए कति निर्माणाधिन र स्तरवृद्धिमा रहेकाछन जसलाईपहिलो प्राथमिकता दिएर आर्थिक वर्ष २०७८/०७९ मा आमजनता,राजनितिकदलहरु, वडा कार्यालयहरु,विषयगत शाखाहरु,सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु,शिक्षक,बुद्धिजिविहरु, नागरिक समाज, सञ्चारकर्मी, र विकास सरोकारवालाहरुको सुझावलाईउच्च प्राथमिकता दिएर आम सहमतिबाट साझा कार्यक्रमको रुपमा सानीभेरी गाउँपालिकाले एकिकृत गाउँविकास कार्यक्रममाबजेट विनियोजन गर्न महत्वपुर्ण आधार लिएको छ।

६. **सानीभेरी गाउँपालिकाको संक्षिप्त परिचयः** राज्यको पुर्नः संरचनाले भौगोलिक तथा प्रशासनिक रुपले रुकुम(पश्चिम) सानीभेरी गाउँपालिका २०७३ सालमा स्थापना भईसाविकका ५ गा.वि.स.(सिम्ली,गरायला,अर्मा, पुर्तिमकाँडा र दुली) रहेकाछन । भौगोलिक क्षेत्रफल- १३३.८० वर्ग किलो मिटरमा फैलिएको सापेक्षित समुन्द्र सतहको बेशी देखी ३ हजारमिटर उचाई सम्मको पहाडीभागमा रहेकोछ। यो गाउँपालिका २८.३८ देखि २८.४० डिग्री उत्तरी अक्षाँस र ८२.१९ देखि ८२.२४ डिग्री पूर्वी देशान्तर सम्म फैलिएको छ। यसको सिमाना पूर्वमा मुसिकोट नगरपालिका, बाफिकोट गाउँपालिका र त्रिवेणी गाउँपालिका रपश्चिममा जाजरकोट जिल्ला र चौरजहारी नगरपालिका उत्तरमा आठविसकोट नगरपालिकासंगसिमाना जोडिएकोछ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकामा ४,१२९ घरधुरी र २२,१९४ जनसंख्या मध्येमहिला जनसंख्या ११,६६१ र पुरुष जनसंख्या १०,५३३ रहेकोछ। प्रशासनिक दृष्टिले ११ वटा वडामा विभाजन भई मतदाता संख्या११,२६६ रहेको गाउँपालिकाकाजनताको असिमित त्याग,वलिदान, परिवर्तनकामी ,श्रमशक्ति, रमध्यपहाडी लोकमार्गको कारण सानीभेरी गाउँपालिकासुगम गाउँपालिको दिशामा अगाडी वढेको छ ।

७. **सानीभेरी गाउँपालिकाको एकिकृत गाउँ विकास योजना वारेः** विभिन्न कठिनाई बिच ढिला भए पनिगाउँपालिकाले आवधिक योजना र मध्यकालिन खर्च संरचना कार्यपालिकाले पास गरीसकेको हुनाले त्यसै अनुरुप वार्षिक योजना, बजेट, नीति तथा कार्यक्रम निर्माण गरी सामाजिक विकास,आर्थिक विकास, भौतिक पूर्वाधार विकास, वन,वातावरण तथा विपद् व्यवस्थापन र सुशासन र संस्थागत विकास क्रमशः प्रथमिकता दिएरअन्तर क्षेत्रहरुको समन्वयगरीअन्तरसम्वन्धित सन्तुलित विकास,सुशासन र समृद्धि तथा संस्थागत विकास गरिनेछ।

८. **एकिकृत गाउँ विकासको आवधिक योजनामा केन्द्रकृत परिचालनः** एकिकृत गाउँविकास आवधिक योजनामा विद्यमान संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४को अधिनमा रहि संघ र प्रदेश सरकारसंग सहकार्य- सहअस्तित्व, समन्वय र साझेदारी कामलाई

प्रभावकारी बनाउदै व्यवस्थापकीय रुपमा रहेको गाउँ सभा, सरकारको रुपमा रहेको गाउँ कार्यपालिका र न्यायीक रुपमा रहेको न्यायपालिकालाई अन्तर सम्बन्ध, सहकार्य र सन्तुलित रुपमा परिचालित गरिनेछ। गाउँपालिका सरकारका जनप्रतिनिधि र कर्मचारीहरु, समाजको नेतृत्व गर्ने राजनितीक दल, नागरिक समाज, शिक्षक बुद्धिजीवी, समाजसेवी, सुरक्षा निकायहरु, सरकारी तथा गैरसरकारी र सामाजिक संघ संस्थाहरु, संचारकर्मीहरु, किसान-मजदुर युवा, ब्यापारी-उद्योगपति र विभिन्न व्यवसायहरुलाई परिचालित गरि यसको प्रतिफल लिने सेवाग्राही आम जनता हुनेछन भने यसलाइ संस्थागत रुपमा विकास गरिनेछ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

९. **आर्थिक वर्ष २०७७/७८ को चालु योजनाको संक्षिप्त समिक्षाः**आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकालेबजेट, नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन र विभिन्न कार्यविधि निर्माण गरी जनताको प्रत्यक्ष आर्थिक गतिविधिहरुमा सहयोग पुग्नेगरी कानून बमोजिम मापदण्डमा रही कार्यान्वयन गर्दा बजेट कार्यान्वयनको पहिलो र दोस्रो चौमासिक उत्साहजनकबजेट खर्च भएको, तेश्रो र चौथो चौमासिकमा बिश्वव्यापी फैलिएको कोभिड-१९ संक्रमण जोखिमको कारणले राजस्व बाँडफाँट बाट प्राप्तहुने अनुमान गरेको आय संघ र प्रदेश सरकार बाट र आन्तरिक आय गाउँपालिकाको लक्ष्य पुरा नहुनु र अर्को तिर विकासमा विनियोजन बजेट कटौती हुदाबार्षिक योजना अपेक्षा गरेबमोजिम कार्यान्वयनगर्न चुनौती भएको कुरा सम्मानित गाउँसभामा जानकारी गराउन चाहन्छु ।

आ.व. २०७८।०७९ मा बजेटको सन्दर्भमा तिनै तहका सरकारको बजेट, प्राकृतिक श्रोत साधन र मानविय उर्जा शक्तिलाई गाउँविकास निर्माणमा आवधिक योजना र मध्यकालिन खर्च संरचनाले परिकल्पना गरेबमोजिम प्राथमिकता दिने क्रममा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, मानव संसाधन विकास गत वर्षकै निरन्तरता दिंदै कोभिड-१९ का बिरुद्ध नागरिकको सुरक्षा र भोकको बिरुद्ध खाद्य सुरक्षाका लागि आर्थिक विकास क्षेत्रको कृषि र पशु जन्य उद्योग बाटरोजगार सिर्जना गरी आर्थिक कृयाकलाप वृद्धि गर्ने आयोजनाहरु लाई प्रदेश सरकार संग साझेदारी गरी पहिलो प्राथमिकता दिएरसडक, सिचाई, उर्जा, पर्यटन,संचार, भवन तथा सहरी विकास लगायत वन तथा वातावरण र विपद व्यवस्थापनलाई क्रमशःप्राथमिकता दिएर नीति तथा कार्यक्रम र बजेट ल्याएको छु। आर्थिक वर्षको तेस्रो चौमासिक सम्म सम्झौता हुन नसकेका योजनाहरुको सम्झौता गरिने छैन।

१०. **गाउँपालिका सरकारप्रतिजनताको आशा र हाम्रो प्रतिवद्धताः** जनताको आशा र भरोसालाई आर्थिक र सामाजिक रुपान्तरण अवसरको रुपमा उपयोग गरी जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक विकास र सुशासनहो। यसर्थ आत्मनिर्भरता,स्वतन्त्र, समृद्ध, स्वाधीन र समाजवाद उन्मूख अर्थतन्त्रका लागि सार्वजनिक, निजी, सहकारी क्षेत्रको

प्रभावकारीसाझेदारी गरी अगाडि बढ्नगाउँपालिका सरकार प्रतिवद्धछ। सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा मितव्ययिता कायम गर्ने र पूँजीगत खर्च अन्तर्गत पूँजी निर्माण र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रित गरी वित्तीय सुशासनलाई ध्यान दिएर खर्च परिचालन प्रकृयालाई मितव्ययी प्रणालीबद्द गर्नेगरी योजना तथा कार्यक्रम तयार गर्ने गाउँपालिका सरकारको प्रतिबद्धता रहेको छ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**११. बजेटको उद्देश्यहरुः**गाउँपालिकाको मानव श्रमशक्ति, प्राकृतिक श्रोत साधन र उपलव्ध तिनै तहका सरकारकोसमानीकरण, राजस्व बाँडफाँट, सशर्त, संपुरक र विशेष अनुदान र बजेटलाईभरपूर उपयोग गर्ने  गरी बजेटका उद्देश्यहरु प्रस्तुत गरेकोछु।

क) जनताका न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गरेर गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने, सामाजिक,आर्थिक, पूर्वाधार विकासले समुन्नत, सुदृढ, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने।

ख) गणतन्त्र र संघीयता कार्यान्वयन गर्न संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यान्वयन गर्ने गराउने।

ग) दीगो गरिबी निवारणउन्मूख र रोजगार सिर्जना गर्ने कार्यक्रम मार्फत गाउँपालिका जनताको जीवनस्तर सुधार गरी व्यवसायमुखी बनाउने।

घ) गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि उपयुक्त, सुरक्षित र लगानीमैत्री वातावरण तयार गर्ने, गाउँपालिका द्वारा प्रदान गरिने सेवामा जनताको स्वामित्व र पहुँच वृद्धि गर्ने।

ङ) कृषि र पशुजन्य उद्योग,सहकारी,पर्यटन, वन, जडिबुटी क्षेत्रको विकास मार्फत आर्थिक वृद्धि र रोजगारीका अवसरहरु सृजना गर्ने।

च) भ्रष्टाचार शुन्य सहनशिलता प्रशासन, प्रभावकारी अनुगमन एवं उत्प्रेरित जनप्रतिनिधि र कर्मचारी मार्फत प्रभावकारी सेवा प्रदान गरी सुशासन प्रबर्द्धन गर्ने।

छ) गाउँपालिकाको श्रोत साधन प्रयोग गरी नयाँ भेरियन्ट कोभिड-१९ कोरोना भाइरसको संक्रमण लाई रोकथाम नियन्त्रण गरी जनताको जिउ ज्यानको सुरक्षा गर्ने ।

ज) **"गुणस्तरिय शिक्षा दीगो स्वास्थ्य सेवा र भौतिक पूर्वाधार-समृद्ध गाउँपालिका खुसी जनताको लागि कृषि-पशु-पर्यटन विकास र रोजगार"** भन्ने गाउँपालिकाको नारा लक्ष्य कार्यान्वयन गर्ने ।

**१२. बजेटका प्राथमिकताहरुः** "जग बलियो नभई घर बलियो हुदैन" भन्ने मान्यताको आधारमा सामाजिक विकास, आर्थिक विकास,भौतिक पूर्वाधार विकास, वन वातावरण तथा सुशासन संस्थागत विकास समृद्ध गाउपालिका निर्माणका लागि बजेट विनियोजनका प्राथमिकता क्षेत्र निर्धारण गरेकोछु।

(क) संविधान र स्थानीय सरकार संचालन ऐनले स्थानीय तहलाई निर्देशित गरेका विषय अनुरुप संघीयता र गनतन्त्र कार्यान्वयनगरिनेछ।

(ख) सामाजिक विकासः शिक्षा, स्वस्थ्य, खानेपानी तथ सरसफाईको विकास मार्फत दुत्र गतिमा मानव विकास र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धनगरिनेछ।

(ग) आर्थिक विकासः कृषि र पशु जन्यउद्योग, सिचाइ, उर्जा, सहकारी, पर्यटन लगायतका क्षेत्रमा पुँजी, प्रविधि र मानविय श्रमको विकासले आम जनताको काम, रोजगारी र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धनगरिनेछ।

(घ) भौतिक पुर्वाधारः सडक, भवन तथा शहरी विकास र उर्जा क्षेत्रको विकास गरी सुविधा र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(ङ) वन, वातावरण तथा विपद व्यवस्थापनः वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन तर्फ सुन्दर, सुरक्षित वातावरण अनुकुलनीय अवसर सिर्जना गर्ने क्षेत्रको प्रवर्द्धन गरिनेछ।

(च) सुशासन तथा संस्थागत विकासः मानव संसाधन विकास, संस्थागत क्षमता विकास लगायतका क्षेत्रहरुको प्रवर्द्धन र क्षमता विकास गरी सेवा प्रवाह प्रभावकारी गरिनेछ।

## १३. बजेट विनियोजनको आधारहरुः

(क)नेपालको संविधान २०७२ अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लिखित गाउँपालिका सरकारको एकल तथा साझा अधिकारसूची र दायित्व भित्र पर्ने कार्यक्रम र योजनाहरु ।

(ग)आर्थिक वर्ष २०७७ र ७८मा गाउँसभावाट पारित भएर विनियोजन ऐनमा समावेस गरेका क्रमागत गौरवका योजनाहरु ।

(घ)गाउँपालिकाको आवधिक योजना र मध्यकालिन खर्च संरचनाले तय गरेको प्राथमिकरण रणनीतिक योजनाहरु।

(ङ)आर्थिक वर्ष २०७८।०७९ मा बस्तिस्तरवाट तर्जुमा भएर वडा समिति वैठकले प्राथमिकताको आधारमा योजना तर्जुमा समितिमा वुझाई छलफल पश्चात कार्यपालिकामा पेश भई स्वीकृत गरेका समग्र योजनाहरु।

(च)संघीय र प्रदेश सरकार बाट सशर्त बजेट तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग साझेदारीको लागि समपुरक योजनाहरु ।

(छ)आ.व.२०७४ देखि हाल सम्म सामाजिक विकास, आर्थिक विकास, भौतिक पूर्वाधार विकास, वन वातावरण विपद ब्यवस्थापन र सुशासन तथा संस्थागत विकास का क्षेत्रमा कामहुदै आएका आयोजनाहरु र मर्मत र स्तर बृद्धिका निरन्तर योजनाहरु ।

## १४. आर्थिक वर्ष २०७८/०७९ को लागि संक्षिप्त आय अनुमान ः

१. संघीय सरकार अन्तरसरकारी वित्तिय हस्तान्तरण समानीकरण अनुदानः रु. ९ करोड ६१ लाख ।
२. संघीय सरकार राजस्व बाँडफाँट अनुदानः रु. ७ करोड ६२ लाख, ३५ हजार ।
३. संघीय सरकारवाट प्राप्त सशर्त अनुदान रु. १८ करोड २५ लाख २६ हजार ।
४. संघीय सरकारवाट प्राप्त विशेष अनुदान रु ८३ लाख ।
५. संघीय संपुरक अनुदान रु. १ करोड ५३ लाख ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम रु. १ करोड ७४ हजार ।
७. प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदानः रु. ९७ लाख ६८ हजार ।
८. प्रदेश सरकारवाट प्राप्त हुने राजस्व वाँडफाँट अनुदान रु. ४ लाख १६ हजार ।
९. प्रदेश सरकारवाट प्राप्त हुने संपुरक अनुदान रु. १ करोड ५० लाख ।
१०. प्रदेश सरकारवाट प्राप्त हुने विशेष अनुदान रु. ६० लाख ।
११. प्रदेश सरकारवाट प्राप्त हुने सशर्त अनुदान रु. १ करोड ९६ लाख ४९ हजार ।
१२. गाउँपालिका गत बर्षको मौज्दात रु. ३ करोड।
१३. गाउँपालिका सरकारको आन्तरिक श्रोत रु. १ करोड ५७ लाख १८ हजार ४ सय।
**१४. समग्र आय रु.४८ करोड ५० लाख ८६ हजार ४ सय अनुमान गरिएको छ ।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

<u>सामाजिक विकास क्षेत्र तर्फः</u>

**१५. शिक्षा क्षेत्रः** शिक्षा ऐन,नियमावली र कार्यविधिमा रही **"सानीभेरी गाउँपालिका समृद्धिको आधार-शैक्षिक गुणस्तर र सिकाइ उपलव्धिमा सुधार"**गाउँपालिका सरकाको दूर दृष्टिको आधारमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्र र गाउँपालिका हितप्रति समर्पितजनशक्ति तयार गर्नु, सार्वजनिक शिक्षामा गुणस्तरीय शिक्षा प्रदान गर्न सूचना प्रविधिको प्रयोग गरी शिक्षण सिकाई सुधारगरिने छ। शैक्षिक गुणस्तरयोजना अन्तर्गत आवश्यकता अनुसार शिक्षा ऐन, नियमावली र कार्यविधिको आधारमा शिक्षक सरुवा, प्र.अ. नियुक्ति, विद्यालय र विषयगत शिक्षकको स्वःमूल्याङ्कनको विधि निर्माणगरी कार्यान्वन गर्ने, स्वःमूल्याङ्कनमा पहिलो, दोश्रो र तेश्रो हुने विद्यालयलाई पुरिष्कृत गर्ने र सवैभन्दा कम अङ्क ल्याउने विद्यालय वाट स्थायी तथा अनुदान शिक्षक सरुवा र करार शिक्षक करार मुक्त गर्न सकिने गत वर्षको नीति कायम गरिएको छ।

संघीय सरकार वाट सहयोग प्राप्त नमुना विद्यालय राप्ती ज्ञानोदय मा.वि. सिम्ली लाई गाउँपालिकाको नमूना तथा प्राविधिक शिक्षा विद्यालयको रुपमा सहयोग र नियमन गरिनेछ भने प्रदेश सरकार वाट प्राप्त हुनेनमूना तथा प्राविधिक विद्यालयको रुपमापश्चिम क्षेत्रको भेरीदोभान माविलाई सहयोग र नियमन गरिनेछ ।गाउँपालिका स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन चालु शैक्षक सत्र देखि गरिनेछ । शिक्षाका लागि खाद्य परियोजना

अन्तर्गत विद्यालय दिवा खाजा कार्यक्रम क्रियाकलापको रुपमा रहेको परिपुरक एकीकृत विकास समाज द्वारा संचालित विद्यालय स्तरीय स्वास्थ्य तथा सरसफई कार्यक्रमको निरन्तरता समन्वय,साझेदारी र प्रभावकारी कार्यन्वयन गरिने छ।

क. गाउँपालिका अनुदान करार शिक्षक/कर्मचारी/बाल विकासहरुलाई मासिक पारिश्रमिकमा २ हजार वृद्धि गरिएको छ ।पारिश्रमिक (तलव) अनुदान तर्फः प्रारम्भिक बालविकास केन्द्र १७ वटा,गापाको थप अनुदान सशर्त प्रारम्भिक बालविकास केन्द्र ३२ वटा,आधारभूत तह (१-५) २६ वटा, आधारभूत तह (६-८) ४ ० वटा, माध्यमिक तह (९-१०) २६ वटा,माध्यमिक तह (११-१२): २ वटा,प्राविधिक धार तर्फ ३ वटा, विद्यालय सहायक १३ वटा, विद्यालय कम्प्युटर सहायक २१ वटा अनुदान सहित **१७८ वटा दरवन्दीलाई आधारभूत पारिश्रमिकको लागि ३ करोड ३६ लाख २७ हजार विनियोजन गरेको छु।**

**ख.** सानीभेरी गाउँपालिकालाई नेपाल सरकार बाट सशर्तको रुपमा प्राप्त अनुदान बाट ४४ वटा विद्यालय सहयोगी,९ वटा विद्यालय सहायक र ३२ वटा वालविकास सहजकर्ताहरुको लागि रु. १ करोड ३२ हजार, आधारभूत (कक्षा १-५) तहका स्वीकृत दरवन्दीका स्थायी शिक्षक- ५९, अस्थायी शिक्षक- १६, राहत शिक्षक-३५ र (कक्षा ६-८) तहका स्वीकृत दरवन्दी स्थायी शिक्षक- ९, अस्थायी शिक्षक- १, राहत शिक्षक-१८ र माध्यमिक तहका स्वीकृत दरवन्दी (कक्षा ९-१०) तहका शिक्षक स्थायी -३, अस्थायी-२, राहत-५ र (कक्षा ११-१२) तहका शिक्षक स्वीकृत दरवन्दी स्थायी-४, अनुदान-२ शिक्षकहरुको लागि तलब भत्ता रु. ७ करोड ५ लाख सहित **सशर्त अनुदान कार्यक्रमतर्फ बजेट रु. ८ करोड ५ लाख ३२ हजार विनियोजन गरेकोछु।**

**ग.** **शिक्षा क्षेत्रमा आधारभूत क्रियाकलाप तर्फः**दलित बिपन्न जेहन्दार छात्र-छात्रालाई मापदण्डको आधारमा प्राविधिक शिक्षा पढ्न सहयोग गर्ने, शिक्षा दिवस कार्यक्रम, विद्यालय स्तरीय परीक्षा संचालन, व्यस्थापन तथा नतिजा प्रकाशन,कक्षा ८ र SEE परिक्षा अनुगमन, SEE परिक्षा केन्द्र व्यस्थापन,उत्कृष्ट शिक्षक तथा विद्यार्थी पुरस्कार, प्रधानाध्यपक बैठक, शिक्षा समिति बैठक, परिक्षा समिति बैठक,आन्तरिक प्रशासन सुधार गर्न प्र.अ. लाई अभिमुखिकरण, परिक्षा केन्द्राध्यक्ष अभिमुखिकरण, विद्यालय अनुगमन, शैक्षिक स्मारिका र शैक्षिक क्यालेन्डर प्रकाशन, गाउँपालिका स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन,ECD शिक्षक भेला तथा अन्तरकृया, कार्यालय सञ्चालन र इन्धन खर्च, उत्कृष्ट अङ्क ल्याउने विद्यालय लाई प्रोत्साहन पुरस्कार, कक्षाकोठा र फर्निचर व्यवस्थापन सहित**आधारभूत कृयाकलापमा ३८ लाख १५हजार विनियोजन गरेकोछु।**

**घ.** **शिक्षाको लागि खाद्य कार्यक्रम:** संयुक्त राष्ट्रिय विश्व खाद्य कार्यक्रमको आर्थिक तथा प्रविधिक सहयोगमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षको लागि खाद्य परियोजना अन्तर्गत सानीभेरी गाउँपालिकातोकिएका विद्यार्थीको हरुको लागि दिवा

खाजाका कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि मापदण्डमा संचालन, अनुगमन र नियमन गर्ने गरी **वजेट १ करोड ४६ लाख ६१ हजार विनियोजन गरेकोछु।**

**ङ. शिक्षा क्षेत्रको सशर्त अनुदानका आधारभूत कृयाकलापहरुः** आधारभूत तह निशुल्क पाठ्यपुस्तक, विद्यालय संचालन तथा ब्यवस्थापन अनुदान, शैक्षिक पहुँच सुनिश्चित अनुदान, विद्यालय शैक्षिक सुधार अनुदान, सामुदायिक विद्यालयका छात्राहरुलाई स्यानिटरी प्याड, प्रति विद्यार्थी लागतको आधारमा शिक्षण सिकाई सामग्री, खेलकुद तथा अतिरिक्त कृयाकलाप र आधारभूत सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागि छात्र वृत्ति सहित सशर्त **बजेट रु. २ करोड ५३ लाख १५ हजार सहित** भौतिक पूर्वाधार बाहेक **यस क्षेत्रमा समग्र बजेट रु. १६ करोड ३८ लाख ३२ हजार विनियोजन गरेकोछु ।**

**१६. स्वास्थ्य क्षेत्र :** गाउँपालिकाले स्वास्थ्य सरसफाई ऐन २०७५,गाउँपालिका स्वास्थ्य वस्तुस्थिति विष्लेषण २०७६, स्वास्थ्य संस्था दर्ता कार्यविधि२०७५, स्वास्थ्य योजना र गाउँपालिका अस्पताल संचालन कार्यविधि २०७६ कानून कोआधारमा स्वास्थ्यसम्बन्धी नीति र योजना निर्माण,मापदण्ड अनुसार स्वास्थ्य संस्था दर्ता अनुगमन र नियमन गरिनेछ ।संघीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी सेवा प्रवाह गरिनेछ । गाउँपालिका अस्पताल, स्वास्थ्य चौकीहरु, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रदान गरिदै आएका स्वास्थ्य सेवाहरुलाई थप प्रभावकारी, गुणस्तरीय बनाउन र औषधि उपकरणको अभाव हुन नदिन बजेट ब्यवस्था गरिनेछ । गाउँपालिका अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा, सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा, बहिरंग र अन्तरंग सेवा विस्तार, गुणस्तरीय र प्रभावकारी बनाउन अत्यावश्यक पर्ने श्रोत ब्यवस्था गरिने छ ।स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल बढाउने तथा स्वास्थ्य क्षेत्र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइनेछ । गाउँपालिकामा कोरोना भाइरस रोगको संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि प्रदेश संघीय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवस्थापन गर्दै महामारी रोग नियन्त्रण तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न बिपद कोष लाई मितब्ययी र प्रभावकारी ढंगले परिचालन गरिनेछ । स्वास्थ्य सुचना प्रणालीलाइ थप ब्यवस्थित र प्रभावकारी बनाउन सम्पुर्ण स्वास्थ्य संस्थाहरु वाटै अनलाइन माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै तथ्याकंको गुणस्तर सुधारको लागि नियमित तथ्याकं गुणस्तर परिक्षण तथा समिक्षा कार्यलाईथप व्यवस्थित गरिने छ ।स्वास्थ्य संस्थामा सुत्केरी हुने दर

बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ । विगत वर्षदेखि सञ्चालित जेष्ठ नागरिक, ५ वर्ष मुनिका बालबालिकाहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलव्ध गराउदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप ब्यवस्थित बनाइने छ । उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला लगायतका नसर्ने रोगको पहिचान, परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ ।स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था साथै दातृ निकायहरुसंग समन्वय गरी स्वास्थ्य क्षेत्रमा स्रोतको ब्यवस्थापन गर्न पहल गरिने छ । सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रवर्द्धनात्मक,उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्याउने रणनीति अबलम्बन गरिने छ । स्वास्थ्य संस्थामा विशेषज्ञ सेवा उपलब्ध गराउन प्रदेश सरकार संग समन्वय गाउँपालिका अस्पताल बाट टेलीमेडिसिन सेवा संचालन गर्न आवश्यक रकमको व्यवस्था गरिने छ । घरमा प्रसुती हुने कार्यलईइ निरुत्साहित गरी स्वास्थ्य संस्थामा प्रसुति गराउने महिलाहरूको प्रतिशतमा बृद्धिगर्न प्रसुति केन्द्रहरूलाई व्यवस्थित र प्रभावकारी बनाइने छ।

स्वास्थ्य सेवामा दिगो, सर्वसुलभ,गुणस्तरर समान पहुँच सुनिश्चित हुने गरी गाउँपालिकामा १ वटा पन्ध्र सैया अस्पताल, ४ वटा स्वास्थ्य चौकी, ७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र,३ वटा वर्थिङ्ग सेन्टर, १९ वटा खोप केन्द्र, १४ वटा गाउँघर क्लिनिक संचालनमा आई सेवा प्रवाह गरिएको छ।सवै वडाहरुमा भवन निर्माण र आधारभूत स्रोतसाधन पुरा गर्ने प्रक्रियामा गाउँपालिका अगाडी वढेको छ । पन्ध्र सैया गाउँपालिका अस्पतालमा गापा अनुदान बाट मेडिकल अधिकृत, ल्याव टेक्निसियन, फार्मेसी, स्टाफ नर्स, डार्करुम, SBA अनमीर दर्ताचलानी जनशक्ति ब्यवस्था गरिएको र आवश्यक्त अनुसार स्तर बृद्धि गर्दै आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिका अस्पत्ताल भवन निर्माणको प्रक्रिया अगाडी बढेकोछ ।

स्वास्थ्यक्षेत्रमा सबैको लागि गुणस्तरीयसेवा र समान पहुँच सुनिश्चित गर्न स्वास्थ्य सुधार योजना अन्तर्गत आवश्यकता अनुसार गाउँपालिका स्थायी र अनुदान करार स्वास्थ्य कर्मचारी सरुवा, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा इन्चार्ज नियुक्ति, स्वःमूल्याङ्कनको विधि निर्माणवगरी कार्यान्वयन गर्ने, स्वमुल्याङ्कणमा पहिलो दोश्रो र तेस्रो हुने स्वास्थ्य संस्थालाई पुरिष्कृत गर्ने र सवैभन्दा कम अङ्क ल्याउने स्वास्थ्य संस्थाका स्थायी

कर्मचारीहरुलाई सरुवा र करार स्वास्थ्य कर्मचारीहरुलाई करार मुक्त गर्ने गत वर्षको नीति कायम गरिएको छ ।

स्वास्थ्य क्षेत्रमा स्थायी कर्मचारी तलव-भत्ता र कार्यालय प्रशासन खर्च तथा सशर्त आधारभुत कृयाकलाप बजेट रु. **२ करोड ३६ लाख १५ हजार** र करार स्वास्थ्य कर्मचारीहरुको तलब व्यवस्थापन तर्फः मेडिकल अधिकृत १, ल्याव टेक्निसियन १, ल्याव असिस्टेन्ट १, डार्करुम असिस्टेन्ट १, अ.न.मी. ९, अ.हे.व. १३,फार्मेसी सहायक र दर्ता सहायक २, एम्वुलेन्स ड्राइभर १ र कार्यालय सहयोगी १४ जनासहित गत वर्षको स्वास्थ्य करार अनुदान लाई निरन्तरता दिने गरी यस क्षेत्रमा ९८ लाख ६५हजार बजेट विनियोजन गरेकोछु।

स्वास्थ्य क्षेत्रमा आधारभुत कृयाकलापहरु तर्फः औषधि खरिद,गाउँपालिका अस्पतालमा डिजिटल एक्स-रे मेशिनर औषधि खरीद, टेलिमेडिसन सेवा संचालन, स्वास्थ्यकर्मीहरुलाई जिन्सी, सूचना प्रणाली र कार्यालय सहयोगीहरुलाई संक्रमण रोकथाम र सरसफाई तालिम, सबै वर्थिङ सेन्टरमा प्लासेन्टपिट निर्माण, वर्थिङ बेड र नर्सिङ सेवाग्राहीलाई लत्ता-कपडा खरीद, पालिकास्तरिय नर्सिङ्ग समिक्षा, कुपोषण अन्त्यका लागि वाल स्वास्थ पुरस्कार, स्वास्थ्य इकाई बाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायत स्वास्थ्य विमामा विपन्न नागरिकलाई वार्षिक शुल्क अनुदान, पालिकास्तरीय अर्ध वार्षिक तथा वार्षिक समिक्षा कार्यक्रम, स्वास्थ्यको लागि सक्षम प्रणाली साझेदारीमा स्वास्थ्य सेवाको सुदृढीकरण र समानुपातिक उपभोगमा सुधार, स्वास्थ्य संस्था र समुदायमा प्रदान गरिने सेवाको गुणस्तर सुधार, स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरण र कोरोना भाइरस रोकथाम र नियन्त्रण कार्यक्रम, स्वास्थ्य संस्थाहरुमामसलन्द र सञ्चार खर्च, संक्रमण रोकथाम समग्री खरिद, उत्कृष्ट काम गर्ने स्वास्थ्य संस्था/स्वास्थ्यकर्मीलाई पुरस्कार, अस्पतालमा कार्यरत कर्मचारीलाई प्रोत्सहान भत्ता, कोरोना जोखिममा खटेका स्वास्थ्य कर्मचारीहरुलाई जोखिम भत्ता र स्वास्थ्य स्वयम्सेविका प्रोत्साहन तथा यातायात खर्चरु. ८० लाख ७० हजार सहित **यस क्षेत्रमा समग्र बजेट रु.४ करोड १५ लाख ५० हजार विनियोजन गरेको छु।**

१७. **खानेपानी तथा सरसफाईः** गाउँपालिकामा खानेपानी सम्बन्धी नीति र मापदण्ड तय गरी खानेपानी आवश्यकतालाई पुरागर्न श्रोतको नक्साङ्कन गरी नभएको ठाँउमा पहिलो प्राथमिकता र निर्माणाधीन योजनाहरुलाई पुरा गरिनेछ।सञ्चालनमा आएका योजनाहरुलाई अवस्था अनुसार मर्मत संभार संरक्षण गरी खानेपानी १ घर १ धारा गाउँपालिकाले प्रदेश र संघीय सरकार संग समन्वय गरी दीर्घकालीन लक्ष्य सहित उपभोक्ताको अपनत्व कायम हुनेगरी खानेपानी योजना निर्माण, मर्मत,विस्तारर ब्यवस्थित गरिनेछ।

खानेपानी विकासको लागि प्रदेश बाट प्राप्त विशेष अनुदान खानेपानी योजनाहरुलाई ६० लाख वडा मा कार्यान्वयन गरिने छ । साना तथा मर्मत सम्भार र पाईप खरिद गर्नुपर्ने खानेपानी योनाहरु र प्रदेश विशेष अनुदानवाट खानेपानी योजनाहरु सहित **समग्र बजेट रु.१करोड ५९ लाख ८५ हजार विनियोजन गरेको छु।**

१८. **सरसफाई तथा फोहरमैला व्यवस्थापनः** गाउँपालिका स्तरमा फोहर ब्यवस्थापन गर्न डम्पिङ साइट तयारी गर्ने नीति रहेको छ । फोरमैला व्यवस्थापनका लागी चाइनावगर, पेदी वजार र सिम्ली वजारमा सरसफाइ समिति गठन गरी कामगर्न गत वर्षकै योजना निरन्तरता दिएकोछु ।पुर्ण सरसफाइ उन्मुख टोल घोषणाको तयारी गर्ने र वाँकी सवै वडाहरुमा सुआहारा कार्यक्रम संग साझेदारी गर्ने गरी सुसभ्य सांस्कृति र वातावरणमैत्री स्थानीय तहको पहिचान दिन सरसफाइ सम्बन्धी कार्यक्रम संचालन गर्ने नीति अनुसार यसको लागि **गा.पा. वाटबजेटरु. ६ लाख विनियोजन गरेको छु।**

१९. **संस्कृति प्रर्वद्धनः**संस्कृति, भाषार ललितकलाको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धी गाउँपालिकाले नीति, कानून, मापदण्ड निर्माण गरी योजना कार्यान्वयन र नियमन गरिनेछ। पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,परम्परागत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,जनजाति आदिवासीको संस्कृतिको रक्षा एवं विकास गर्ने, छुवाछूत, भेदभावपूर्ण संस्कार विरुद्ध साँस्कृतिक रुपान्तरण अभियान सञ्चालन गरिनेछ। लोक सस्कृतिको रक्षा र विकास गर्नेगरी यसक्षेत्रमास्थानीय कला संस्कृति प्रवर्द्धन मञ्चलाई सहयोग गर्दै समुदायको कुलदेउतामा आधारित मठमन्दिरहरु निर्माण गरिने छ ।छोटेवगरमा युद्ध संग्रालय निर्माणको लागि प्रदेश सरकार संग बहुवर्षिय योजना मागसहित DPR अनुसार काम सुचारु गरिएको छ । जनजातीको पापिनीमेला प्रर्वद्धन,पंचेबाजा, दमा मगर, मयुर, पैसेरी, ख्याली र सिंगारु नाचहरुलाई संरक्षण र प्रवर्द्धन गर्न यसतर्फ **बजेट रु. २३ लाख ३० हजार विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

२०. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**"बालबालिका, महिला,दलित, आदीवासी जनजाती, युवा, जेष्ठ नागरिक, अपाङ्गता, अल्पसंख्यक" वर्ग र क्षेत्रलाई राज्यको मुल प्रवाहमा सशक्त प्रतिस्पर्धाकोलागी विकास गर्न संरक्षण, प्रवर्द्धन र विकास गरिने छ । जनचेतनाको स्तर वृद्धि, क्षमताको विकास, सिपमुलक तालिम र आय-आर्जनगर्नेगरी यसक्षेत्रमा क्रियाकलापहरु निम्न बमोजिम रहेकाछनः

क. **बाल संरक्षण/बालमैत्री स्थानीय शासन** घोषणाको लागि सानीभेरी गाउँपालिकाले बाल बालिका सम्वन्धि प्रोफाइल तथा कार्ययोजना निर्माण गरेको हुनाले कार्यान्वयन गरिनेछ । आमाबाबुविहिन

बाल-बालिकाहरुको सामाजिक सुरक्षा भत्ता, शिक्षा तथा स्वास्थ्य सेवाको उपलब्धता,जन्मदर्ता नभएका कारण सामाजिक सुरक्षा भत्ताबाट बञ्चित बालबालिकाको सुरक्षा भत्ता सुनिश्चित,जटिल रोगबाट ग्रसित बालबालिकाको उपचारमा सहयोग,हाल कोभिड १९ का कारण बालबालिका भोकमरीमा पर्न सक्ने हुदा आवश्यक सहयोग,यौन दुर्व्यवहार, बेचविखनमा परेका बालबालिकाहरुको संरक्षण तथा विकासका लागि कार्यक्रमहरु,विद्यालयमा बालमैत्री अध्यापनका लागि कार्यक्रमको व्यवस्था,बालविवाह अवस्थालाई मध्यनजर गर्दै स्कूल तथा समुदाय तहमा बालविवाह विरुद्धको कार्यक्रमको व्यवस्था,सिमान्तकृत बालबालिकाको लागि विशेष कार्यक्रमसहित बालमैत्री स्थानीय शासन प्रवर्द्धन र घोषणा प्रक्रिय नीतिरही आएको छ ।बालवालिका सम्वन्धी संगठन संरचनागत विकास र शसक्तिकरण, जनचेतना र कानूनी प्रक्रियामा जोड, बाल दिवस र उद्दार, अनाथ टुहुरा बालवालिकाहरुको पहिचान गरी विशेष सामाजिक सुरक्षा भत्ता मासिक रु. २ हजार र संरक्षण बिहिन बालवा-लिकाहरुको पहिचानवगरी वार्षिक रुपमा शैक्षिक सहायता रु. ५ हजार सहयोग प्रदान गरिनेछ ।पहिचान बिहिन बालवालिकालाई कानूनी सहायता, बालविवाह सम्वन्धी समुदाय र विद्यालय प्र.अ. बिचमा अन्तरकृया गर्ने र गाउँपालिकाको  योजना, नीति तथा निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण वाल सहभागिता सुनिश्चित गरिनेछ ।अपाङ्गतामा भएका सबै बालबालिका हरूलाई अपाङ्गता परिचय पत्र वितरण,आवश्यक सहायता सामग्री र जीवनोपयोगी सीप दिई अनिवार्य विद्यालय भर्ना गरीशिक्षाको अवसर सुनिश्चित गरिने छ । विद्यालयमा छात्रामैत्री बातावरणको लागी सेनिटरी प्याडको ब्यवस्था र बैंकखाता छोरीको सुरक्षा जिवनभरिको प्रदेश साझेदारीमा गापावाट वार्षिक नयाँ खाता खोल्न आउने प्रति व्यक्ति रु. १ हजार बैंक खातामा जम्मा गर्ने गरी **बालवालिका क्षेत्रमा बजेट रु. २१लाख ४० हजार विनियोजन गरेको छु।**

**ख. महिलातर्फ-** सामाजिक र लैङ्गिक हिंसा निवारण र पुनर्स्थापना कोष स्थापना, टोल र वडाहरुमा महिला समुह, समिति र सहकारी स्थापना गरी विपन्न र पिछडिएका महिलाहरुलाई प्रवर्द्धन, सिपमुलक तालिम तथा उपाध्यक्ष उद्यमशील, सिपमुलक, व्यवसाय कार्यक्रम मार्फत काम र रोजगारी अवसरको पहुँच पुऱ्याई स्व आयआर्जनमार्फत आत्मनिर्भर बनाउने, श्रोत र साधनमा महिलाहरुको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने र लैङ्गिक समानता, मूलप्रवाहीकरण र सशक्तिकरणको पक्षमा चेतना बढाउने र महिला श्रमिक दिवस लगायत विभिन्न महिला सम्बन्धि आधारभूत कृयाकलाप गर्ने गरी यस क्षेत्रमा रु.२० लाख ३५ हजार बजेट विनियोजन गरेको छु।

**ग) युवा तथा खेलकुद विकासः**युवा विकास र संवृद्धिको लागी गुणस्तरीय र व्यवसायिक शिक्षा, प्राविधिक तालिम र रोजगार, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य, सामाजिक सुरक्षामा र विकास निर्माणमा परिचालन गरिने छ । बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकास, युवा क्लव गठन प्रशिक्षक प्रशिक्षण, युवा प्रतिभा पहिचान र प्रोत्सहान र

युवा दिवस तथा महोत्सवलाई प्राथमिकता दिइने छ ।गाउँपालिका स्तरको बेलटापुमा रंगशाला खेल मैदान, एक वडा एक खेल मैदान र एक विद्यालय एक खेल मैदान निर्माण गर्ने गाउँपालिका सरकारको दीर्घकालिन सोंचअनुसार क्रमशः कार्यान्वयन गरिने छ।युवाहरुलाई व्यक्तित्व विकास तथा नेतृत्व विकास र सामाजिक उत्तर दायित्व अभिमुखीकरण गरी समाज सुधार तथा कोरोना भाइरस प्रतिकार्यमा युवा परिचालन गरिने छ । गाउँपालिका अध्यक्ष कप खेलकुद कार्यक्रम, गाउँपालिका खेलकुद विकास समितिलाई १ जना कर्मचारी सहित कार्यालय व्यवस्थापन र खेलकुद सामाग्री वितरण सहित यस क्षेत्रमा रु.५२ लाख १५ हजार बजेट विनियोजन गरेको छु।

घ) **आदिवासी जनजाति विकास कार्यक्रम-** जनजाती हरुको धर्म, संस्कृति, भाषा, संस्कार र पहिचा तथा हकहित लाई संरक्षण र प्रवर्द्धन गर्ने, अति विपन्न असहाय जनजातिलाई आर्थिक हयोग र बिभिन्न काल खण्डका पुराना जनप्रतिनिधिहरु संग अन्तरकृया तथा सम्मान गर्ने गरी यस **तर्फ रु. ११ लाख ७० हजार विनियोजन गरेको छु।**

ङ) **दलित विकास र प्रवर्द्धन कार्यक्रम :** दलितका संवैधानिक हक तथा कानूनि व्यवस्थाले निर्धारण गरेका सेवा सुविधाहरु र जातीय छुवाछुत अपराध कसुर सजाय ऐन, २०६८ लाई पुर्ण रुपले लागु गर्न गाउँपालिका सरकार प्रतिवद्ध छ। सामन्ती अर्थ प्रणाली अन्तर्गत दलित समुदायमा रहेको बालिघरे विष्ट प्रथाको अन्त्य गरि विकल्प स्वरुप ज्यालादर निर्धारण गरेर दलितका मौलिक सीप, कलाहरुलाई आधुनिकिकरण र व्यवसायीकरण गरिनेछ। दलित र गैर दलित समुदाय विचमा सामाजिक सदभाव कायम गर्न सामाजिक साँस्कृतिक रुपान्तरण र अन्तर घुलनका कार्यक्रमहरु वनाएर प्रभावकारी ढंगले संचालन गरिनेछ।राज्यको समानुपातिक तथा समावेशी नीतिलाई अवलम्बन गरेर स्थानीय तहबाट प्रभावकारी ढंगले लागु गर्न हरेक क्षेत्रमा दलित समुदायको नेतृत्व विकास सहितको अर्थपुर्ण प्रतिनिधित्व सुनिश्चित गर्न नेतृत्त्व क्षमता विकास कार्यक्रमहरु गरिनेछ।स्थानीय सरकारले दलित छुवाछूतमुक्त गाउँपालिका घोषणा गरेको हुनाले विपन्न दलितहरुलाई दलित अधिकार, कर्तब्य र क्षमता विकास गर्न अभिमुखिकरण, आयआर्जन तथा मौलिक सिप र ब्यवसायको प्रवर्द्धन गर्न सिपमुलक तालिम,विपन्न दलित वालवालिकाहरु लाई आर्थिक सहयोग र बिपन्नलाई प्राविधिक शिक्षामा सहयोग तथा सुधारिएको आरन र पञ्चेवाजा पर्वर्द्धन गर्ने गरी **यस क्षेत्रमा रु.१२ लाख ५० हजार बजेट विनियोजन गरेको छु।**

च) **जेष्ठ नागरिक तथा अपाङ्गता व्यक्तिहरुको संरक्षण र सम्मान कार्यक्रमः**गाउँपालिकामा जेष्ठ नागरिकहरुलाई सम्मानपुर्ण जिवन जिउन परिवारिक ब्यवहार परिवर्तन, मिलन केन्द्र स्थापना, संरक्षण बिहिन जेष्ठ नागरिकहरुलाई सहयोग र संरक्षण गर्ने नीति लिइएको छ ।परिचय पत्र बितरणमा सहयोग र अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम गरिने छ।अपाङ्ग भएका

व्यक्तिहरुलाई सम्मान गर्दै सिप तथा आयआर्जन कार्यक्रम गर्ने, अपाङ्ग परिचयपत्र वितरण शिविर चलाउने, सहयोग सामग्री वितरण गर्ने, भौतिक पूर्वाधारमा अपाङ्गमैत्री संरचना निर्माण गर्न ध्यान दिइने छ।फरक क्षमता भएका अशक्त र अपाङ्ग व्यक्तिहरुको समस्याहरु समाधान गर्न प्राथमिकताको पहिचान गरी सिपमुलक कार्यक्रम गर्न जेष्ठ नागरिक र अपाङ्ग व्याक्तिहरुको सम्मान सहयोग कार्यक्रम **तर्फ रु. ८ लाख ९० हजार बजेट विनियोजन गरेको छु।**

**छ)** जनयुद्ध र जनआन्दोलनका शहिद परिवारहरु र घाईतेहरुलाइ सम्मान, संरक्षण र प्रवर्द्धन गरिने छ । सिपमुलक तालिम र कृषि जन्य आयआर्जन गर्न बिपन्न घाइते तथा अपाङ्ग हरुलाई आर्थिक सहयोग गरिने छ ।प्रदेश सरकार शहीद परिवारहरुलाई मासिक भत्तामा गापाको थप १ हजार साझेदारी  कार्यक्रम गरिने छ ।शहिदहरुको संझनामा हाँसीवाङ्ग मध्यपहाडी सडकमा शहिद गेट निर्माण **सहितरु.१६ लाख३८ हजार बजेट विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

**<u>आर्थिक विकास क्षेत्र तर्फः</u>**

२१. **कृषि र पशुपन्छी विकासः "कृषि पशु नै सम्वृद्धिको आधार - गाउँपालिकामा कृषकलाई रोजगार"** भन्ने मूल नाराका साथ कृषि क्षेत्र अन्तर्गत अन्नवाली, तरकारी, फलफूल र पशुपालनको समुचित विकासबाट आत्मनिर्भर भई यसको व्यवसायीकरणबाट समुदायको जीवनस्तरमा सुधार,गरिबी निवारण, रोजगार सिर्जना र बेरोजगारीको अन्त्य गरी खाद्य सुरक्षाको विकास गरिनेछ। कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन कृषिमा बेरोजगारको तथ्यांक संकलन, कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सीप विकास र सशक्तीकरण गरिनेछ।उन्नत विउविजनको प्रयोगबाट तरकारी उत्पादनमा वृद्धि गर्नु, नश्लसुधार गरी पशुपालनलाई व्यवसायीकरण गर्नु,पशुपन्छी र फलफूलहरुको पकेट क्षेत्र तोकी विस्तार गर्नु, अन्नवाली उत्पादनमा वृद्धि गर्न आवश्यक सिचाइ, मलखाद र कृषि औजारको व्यवस्थापन गर्नु, कृषकहरुलाई क्षमता विकासको क्रियाकलापहरु संचालन गर्नु, कृषि उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउन कृषिमा यान्त्रीकरण गर्नु, कृषिको बजारीकरण गर्नको लागि पूर्वाधारहरुको विकास गरिने छ ।

**क) पशु पन्छी विकास क्षेत्रमा गाउँपालिकाको योजना :**

(१) संघीय र प्रदेश सरकार, भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सहयोग र गाउँपालिकाको साझेदारी र नेतृत्वमा समुदायमा आधारित भैसी श्रोत केन्द्र विस्तृत परियोजना प्रस्ताव तयार गरी भैसी श्रोत केन्द्र वडा नं. २ गिठाकोट जिउला रहेको छ भने यस अन्तर्गत वडा नं.१,२,४को पहिलो कलष्टर,वडा नम्वर ७,८,९,१०,११ को दोस्रो कलष्टर र वडा नम्वर ३,५,६ को तेस्रो कलष्टर विभाजन गरी प्रत्येक वडामा २५ घरधुरीको समूह गठन गरी कामको सुरुवात गरिएको छ । भैसी श्रोत केन्द्र बिस्तृत परियोजनाले परिकल्पना

गरेवमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सामुहिक लगानी, स्वामित्व र जिम्मेवारी रहने गरी पकेट क्षेत्रको क्लष्टरहरुमा भैसी दुध प्रवर्द्धन, उत्पादन, वितरण र बजारीकरण गरी कृषकहरुको जिवन र आय आर्जनमा परिवर्तन गरिनेछ ।

(२) गाउँपालिकाले मुख्य बाख्रा पकेट क्षेत्र  वडा नम्वर ३,४,५,६ र सहायक बाख्रा पकेट वडा नं. १,२,७,८,९,१० र ११ लाई निर्धारण गरेको हुनाले संघीय र प्रदेश सरकारसंग  बाख्रा श्रोत पकेट कार्यक्रममा सञ्चालमा साझेदारी गरी योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन र नियमन गरिनेछ ।

(३) लोकल कुखुरा पालन गर्न मध्यपहाडी लोकमार्ग करीडोर बाउनीखेत देखि गिठाकोट हुदै हाँसीवाङ्ग सम्मलाई पकेट क्षेत्रको रुपमा भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सहयोग र गाउँपालिकाले साझेदारी लगानीमा कामको सुरुवात गरिनेछ ।

करार कर्मचारी व्यवस्थापन, पशु सेवा प्रसार, पशु उपचारको क्षमता वृद्धि, पशु उपचार प्रयोगशाला सेवा कार्यक्रम, पशु रोकथाम सेवा कार्यक्रम,पशु पकेट क्षेत्र तथा उत्पादकत्व सुधार आहारा विकास कार्यक्रम, जनचेतना तथा सिप विकास कार्यक्रम, साझेदारीमा व्यवसायिक फर्म सुधार कार्यक्रम, पशु तथा पशुजन्य पदार्थको बजारीकरण, संघीय शसर्त र स्थानीय सरकारबाट अनुदान प्राप्त लागत साझेदारीमा भैंसी दुध प्रवर्द्धन कार्यक्रम र लागत साझेदारीमा बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन र पशु बिमा कार्यक्रम लगायत **यस क्षेत्रमा ७३ लाख ४१ हजार बजेट विनियोजन गरेको छ ।**

**ख) कृषि विकास कार्यक्रमः**

(१) **फलफुल पकेट क्षेत्र-** सुन्तला, कागती, लिची, आँप, केरा पकेट क्षेत्र- वडा नं. १,२,७,८.९, १० र ११ लाई र **किबि र दाँते ओखर** पकेट क्षेत्र  वडा नं. ५ र ११ लाई छनौट गरि बिरुवा लगाउने काम सुचारु भएकोले यसको निरन्तरता, स्तरवृद्धी र विकास गरिने छ ।

(२) **तरकारी र तरकरी बिउ उत्पादन पकेट क्षेत्र-** वडा नं. ९, ८, ७, ४, ३, २ १ लाई छनौट गरि कृषक हरुको लागत सहभागितामा कामको सुरुवात भएकोले यसको निरन्तरता, स्तरवृद्धी र विकास गरिने छ ।

(३) **मसला बाली पकेट क्षेत्र-**बेसार, अदुवा, टिमुर वडा नं. १ लाई निर्धारण गरी प्रदेश भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सहयोग र गाउँपालिकाको साझेदारीमा कामको सुरुवात भएकोले यसको निरन्तरता, स्तरवृद्धि र विकास गर्दै मसला प्रशोधन उद्योगको सुरुवात गरिएको छ ।

करार कर्मचारी व्यवस्थापन, कृषि सेवा विस्तार सम्पर्क कार्यालय ब्यवस्थापन, कृषिः सघन बाली, तरकारी विकास आयोजना,फलफुल खेती विस्तार र सुदृढीकरण,च्याउखेती, मौरीपालन,साना सिचाई,माटो सुधार र गोठमल ब्यवस्थापन,मसला बाली,बजार विकास तथा आर्थिक विश्लेषन, कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च, कृषक दर्ता व्यवस्थापन, राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरी कृषकहरुमा स्वरोजगार सिर्जना गर्न **यस क्षेत्रमा ७२ लाख ७ हजार बजेट बिनियोजन गरेको छु ।**

२२. **पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनः**गाउँपालिकाको पर्यटन रणनीति योजनाले निर्देशन गरेवमोजिम योजनाको प्राथमिकतालाई ध्यान दिइने छ । “प्राकृतिक, धार्मिक, ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी पर्यटन गन्तव्यको एकिकृत पर्यटन पूर्वाधारको विकास गरी गाउँपालिका जनताको जीविकोपार्जनमा सुधार ल्याउने, पर्यटकीय गतिविधि वृद्धिबाट ग्रामीण रोजगारीका अवसरहरु सिर्जना गर्ने र यसको लाभ तल्लो तहसम्म पुर्याइने छ ।गाउँपालिकामा पर्यटक आकर्षण गर्न स्थानहरुको फोटो तथा अन्य जानकारीहरु प्रचार प्रसार गर्ने, पर्यटकीय आकर्षक स्थलहरु सम्म आवतजावत गर्न सडक सञ्जाल र पदमार्गको विकासबाट सुविधा प्रदान गर्ने, पर्यटकका लागि गुणस्तरीय होटल, रेस्टुरेण्ट तथा लज स्थापना गर्न विभिन्न सुविधा सहित नीजि क्षेत्रलाई आकर्षित गरिनेछ ।रिम्ना दोभान धार्मिक पर्यटकीय ट्रियाङ्गल / त्रिभुज पुल निर्माण र मध्यपहाडी लोक मार्गको द्वारे देखिमौराखारा सम्म केवुलकार सञ्चालनको लागि संघ र प्रदेश सँग साझेदारी गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

गाउँपालिकाले पर्यटन प्रवर्द्धन सम्बन्धमा तत्कालिन अगाडी वढाउने क्रियाकलापहरुः धार्मिक, साँस्कृतिक, ऐतिहासिक र कृषि पर्यटन महत्वका क्षेत्रहरुमा गाउँपालिका युद्ध संग्रहालयका रुपमा छोटेवगर र दुली सार्दुल्ला घर संरक्षण र विकास गर्ने,लोपउन्मुख तहमा पुगेका सम्पदाहरुको संरक्षण तथा सम्बदर्द्धनको थालनी गर्ने, रिम्ना दोभानमा धार्मिक पर्यटनको लागि DPR गरी भौतिक पुर्वाधारको विकास र संरक्षण गर्ने, धार्मिक पर्यटकीय ट्रिएङ्ग झोलुङ्गे पुल निर्माणको पहल गर्ने, गाँराघाट सिम्ली चाइनावगर चौरजहारी सानीभेरी भेरी नदीमा र्‍याप्टिङ्ग सञ्चालनको लागी भौतिक पुर्वाधार विकास गर्ने, मौराखारा प्राकृतिक पार्कको लागि DPR गरीएकोले सोही अनुसार काम गर्ने गाउँपालिकाको नीति र योजना रहेकोले कार्यान्वयन गरिनेछ ।भलाचौर तिमिले कमैदे मौराखारा पर्यटकीय सडक प्रदेश समपुरक, मौराखारा गुरिल्ला म्याराथन तथा स्थानीय साँस्कृतिक तथा कृषि उपज प्रदशन गर्ने र गाउँपालिका भित्र शहरउन्मुख बजार क्षेत्रमा सरसफाई अभियान

मार्फत प्लास्टिक झोला र वोतल र फोहोर व्यवस्थापन गर्ने गरी **यस क्षेत्रमा रु. ६० लाख ७५ हजार बजेट विनियोजन गरेको छु।**

२३. **लघु उद्योग कार्यक्रमः** सानीभेरी गाँउपालिकाको लघु उद्यम प्रबर्द्धन रणनीतिक योजना अनुसार लक्षित वर्ग गरिबीको रेखामुनि रहेका आर्थिक रूपले विपन्न र सीमान्तकृत समूहलाई लघु उद्यम विकासको माध्यमबाट रोजगारी अवसरको सिर्जना र आयस्तर वृद्धि गरिनेछ ।स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी मागमा आधारित उत्पादन तथा सेवाहरूको विकासद्वारा गरिबी न्यूनिकरण गर्ने, स्थानीय सीप र स्रोतको उपयोग गर्ने, युवा रोजगार सिर्जना गर्न उपलब्ध स्रोत साधन, जनशक्ति, सीप र पर्यटकीय संभावनाका अवसरहरु खोजी गरिनेछ ।

मेड्पा मोडेललाई लक्षित समूह अनुकुल हुने गरी**"लक्षित वर्गका सबै उद्यममा सरिक, कोही पनि नरहुन गरिव"**भन्ने नाराका साथ प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने, अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्र वडा नं. १० मा स्थापना भएकोले सुदृढ गरिनेछ ।लक्षित वर्गको एक घर एक उद्यम सहितको व्यवसायिक रोजगारमूलक अवस्थाको सिर्जना गरिने युवा रोजगार एवं साना व्यावसाय विकास र संवृद्धिको लागि गुणस्तरीय र व्यवसायिक शिक्षा, उद्यमशिलता र सिप विकास तथा तालिमको माध्यमबाट महिला उद्यमशिलता विकास गरी सामूहिक उत्पादन र खेति गर्न श्रम सहकारी र सहकार्य कृषक समूहहरुको स्थापना गर्न प्रोत्साहित गरिनेछ।अर्ध वेरोजगार भएका कृषकलाई व्यवसायीकरण गरी तिनलाई पूर्ण रोजगार उन्मुख बनाउने लक्ष्य राखी सरकारी, सहकारी र नीजि क्षेत्रको साझेदारी लगानीलाई प्रोत्सहान गरिनेछ ।प्रदेश सरकार संग समन्वय र साझेदारी गरी गाउँपालिकामा १ गार्मेन्ट उधोग सञ्चालनमा आएकोले स्तरवृद्दि गरिने छ । भैसी पकेट क्षेत्र सुचारु भएको हुनाले दुध सङ्कलन केन्द्र निर्माण र सञ्चालन गरिनेछ । मसला संकलन र प्रशोधन केन्द्र निर्माण र सञ्चालन गर्ने, फलफुल र तरकारी पकेट क्षेत्रवाट उतपादित वस्तुलाइ प्रशोधन गर्न साना उद्योग निर्माण र सञ्चालन गर्न गाउँपालिका बाट सहयोग गर्न **यस क्षेत्रमा रु १ लाख ६० हजार विनियोजन गरेको छु।**

२४. **सहकारी र वित्तीय क्षेत्रको विकासः** गाउँपालिकामा सहकारी ऐन, नीति र मापदण्ड अनुसार सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड, नियमन, सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र क्षमता अभिवृद्धि गरिनेछ ।सहकारी संस्थाहरुले कृषिजन्य उत्पादन र सेवामुलक कामलाई पहिलो प्राथमिकता दिएर काम गर्नुपर्दछ र गाउँपालिका स्तरमा कृषि उत्पादन क्षेत्रमा राम्रो काम गरेकोले सस्तो पसल संचालन गर्न जनप्रवाह कृषि सहकारी संस्थालाई अनुदान प्रदान

गरिनेछ ।बचत तथा ऋण सहकारी, कृषि सहकारी र साना किसान सहकारी संस्थाहरुलाई सवलिकरण गर्दै कृषि कार्यलाई योगदान गर्ने गरी सक्दो अनुदानको सहित सहकारीका शेर सदस्यहरुलाइ अभिमुखीकरण गरी क्षमता अभिवृद्धि गर्ने गरी यस **क्षेत्रमा बजेट रु. १७ लाख ९५ हजार विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

**<u>पूर्वाधार विकास क्षेत्र तर्फः</u>**

**२५. सडक संजाल विकास निर्माणः**गाउँपालिकाले यातयात विस्तृत गुरु योजना निर्माण गरी सडकहरुको वर्गीकरण, मापदण्ड र अनुमान लागत समेत प्रस्तुत गरेकोछ भने अर्को तिर गाउँपालिका भित्रका सम्पुर्ण सडकहरु डि.पि.आर. गरिएको छ। शहरी तथा वस्ति विकास मापदण्ड २०७५ गाउँपालिकाले जारी गरिसकेकोले घडेरी भवन, सडकहरु निर्माणको मापदण्ड निर्धारण भैसकेको हुनाले सोही बमोजिम स्थानीय कृषि सडक र घोरेटो वाटो सम्बन्धी नीति,मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ। गाउँपालिकामा मध्यपहाडी लोकमार्ग क्षेत्रीय सडक र कृर्षी सडक गरी मुख्य र सहायकसडक सञ्जाल विद्यमान रहि आएको छ।गाउँपालिकाको केन्द्र देखि वडा कार्यालय सम्म, वडा कार्यालय देखि टोलसम्म नालिको निकास हुने गरी एक वडा एक हरित सडक निर्माण गर्ने लक्ष्य राखी गाउँपालिकाले सबै काम अगाडी बढाएको छ ।

(१) **मुख्य सडक-**मध्यपहाडी पुष्पलाल लोक मार्ग चालु आर्थिक वर्ष भित्र कालोपत्रे गर्ने कार्यलाई सम्पन्न गर्न संघीय सरकारको योजना र गाउँपालिकको निगरानीमा चौरजहारी हाँसीवाङ खण्डको ३२ किलो मिटर सडक कालो पत्रे हुनु गाउँपालिका विकासको आधार हो ।अर्मा झारमारे काफलवोट सिम्ली पेदी बजार खेत घापागार हाँसु पोखरी क्षेत्रीय सडक ररिम्नाबलिवाङ पेदी ज्यमिरे गाँराघाट क्षेत्रिय सडक निर्माण स्तर बृद्धी र मर्मत संभार, सर्वाचौर चाख्लिमेला बाधापानी मौराखारा टुरा पर्यटकीय सडकको निर्माण गर्ने जिम्मेवारी संघीय तथा कर्णाली प्रदेश सरकारको भएको हुनाले अनुरोध गरिएको छ।

(२) **सहायक सडकहरु-**गाउँपालिकाले १४२ किलोमिटर सडक DPR गरी हाँसीवाङ मगरराङ्जा घडेरी काफलवोट घण्ठाना आमडाँडा कालिका सहरे चार घर्तिगाउँ पुर्तिमकँडा बसनडाँडा जंगलगाउँ बुकीचौर कामीगाउँ बाहुनीखेत गापा पूर्व पश्चिम कृषि सडक, चाईनाबगर पत्रैया बुकिचौर जंगलगाउँ बसनडाँडा कृषि सडक, गिठाकोट जिउला घर्तिगाउँ पुर्तिमकाँडा गाउँ बसनडाँडा चाइनावगर कृषिसडक, सिम्ली स्यालीबोट मगरराङ्जा छेलोहान्ने टोट्के काँडा घडेरी स्यालिवोट कृषि सडक, पेदी बल्याखर्क गोलडाँडा खारा खाली अध्याचौर स्याला कृषि सडक, बेलटापु भलाचौर तिमिले कमैदे मौराखा पर्यटकीय सडक, नायखोला खालचौर गाउँबारीटुरा कृषिसडक, मेलचौर किलोघैटे घापागारहाँसु कोटगाउँ कृषिसडक, मेलचौर बल्लेबास रिटनाखोला खेत मुरीगार कोटगाउँ दमार गुमाखोला कृषि सडक,सहरेजिउला चन्द्रदोय आ.वि.बोहरा गाउँ जनचाहाना भेरीदह लीगा फुक्रुजिउला हुसुखोला टाकुरा कृषि सडक, सिम्ली कालिका पाखेरोल

लामाडाँडा कृषिसडक, तल्लो आमडाँडा विप्पे चिन्तु कृषिसडक, घडेरी टुनीबोट घण्ठाना अमलाचौर तिमिले चिन्तु सार्कीमारे वडा कार्यालय कृषि सडक,घण्ठाना अर्मा डाँडा काफलवोट रानिचिउरा घडेरी कृषि सडक,काफलबोट टिमुरबोट, अम्रेडाडा, पोखराधनरा पाथिहाल्न बागखोर गातिना घडेरी कृषिसडक,बाउनीखेत सिमलचौर कल्लेरी कामीगाउँ बुकीचौर कृषि सडक, चाइना वगर जंगलगाउँ बुकीचौ कृषि सडक, मेलचौर धनेखोला सल्लीचौर कृषि सडक, फुक्रुजिउला लिगा भेरीदह पर्यटकिय सडक, लिगा जैधाने पाखेरोल टुनिगैरा घर्तिगाउँ कृषि सडक, सल्लिचौर सल्यारी दमारा कृषि सडक, कालिका डल्सिङ्गे बिप्पे कृषि सडक, ओलीडेरा खामोहाले तितेखोला चौर कृषि सडक, हाँसिवाङ खातिकाँडा मगरराङ्जा कृषि सडक,लक्कुडाडा, लगनचौर, ठुलालेख, सतिपोले कृषि सडक, लाखुरीबोट वडा कार्यालय पोखरी कृषि सडक, नवजोति आवि खिरखिरे कृषि सडक, स्यागिने साक्चा फारुला कृषि सडक, मध्यपहाडी रजेला पाखापानी डाँरा सितल मावि कृषि सडकहरु संघ र प्रदेश संपुरक साझेदारी सहित सर्शतको रुपमा निर्माण भएकोले प्राथमिकताको आधारमा क्रमशः ग्राविल गर्ने, नालि निर्माण सहित स्तरवृद्धि गरी नियमित सुचारु गरिनेछ । अर्माखोला र खारखोला झोपु निर्माण भई सुचारु भएको, पुरुखोला लगायत निर्माणाधीन चालु वर्षमा काम गर्दै सहरे जिउला तल्लो भलाचौर, छोटेवगर बेलटापु र घोगने जैपाले झोपु र गोगन खोला, घापागार र पिरेतरा छिवाङ मोटरेवल पुलको संघमा माग गरिएको छ । निर्माणधिन झोलुङ्गे पुल सहित साना सडक निर्माण गर्ने र निर्माण भएका सडकहरु मर्मत संभार र स्तरवृद्धि **तर्फ रु.३ करोड ५९ लाख ९५ हजार विनियोजन गरेको छु।**

२६. **सिंचाई तर्फको विकास र योजनाः** सानीभेरी गाउँपालिकामा सिचाई सम्वन्धि गुरुयोजना तर्जुमा, स्तरोन्नतिका आयोजनाको पहिचान, कार्यान्वयन, मर्मत, सम्भार र नियमन गरिनेछ। साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार र व्यवस्थापन,नदि र खोलाहरुबाट ठूला र साना सिंचाई योजना सञ्चालन,पोखरी सिंचाई योजना र विद्युत उपलव्ध भएसम्म लिफ्ट सिंचाइ योजनाद्वारा बढी भन्दा बढी जमिनमा सिंचाई पुऱ्याइनेछ।प्रदेश सरकार बाट प्राप्त र साझेदारी संचालनमा आएका योजनाहरु लाई संरक्षण, मर्मत संभार र आर्थिक वर्ष २०७७।०७८ मा सम्पन्न नभएका चालु योजनाहरुलाई निरन्तरता दिएर क्रमागत रुपमा कार्यान्वयन गरिनेछ ।मेघा मुसेखोला मुरेखोला गोलचौर बृहद सिचाई योजना, तुसारे गरायला गाउँ पम्पिङ्ग सिचाई आयोजना, भरालखोला बाहुनीखेत सिचाई कुलो योजना,अर्मा खोला सिचाई योजना, छहरे पानी तल्लो आमडाडा सिचाई योजना, अधेरी खोला ठुलोखोला तल्लो माथिल्लो चाइनावगर सिचाई योजना, सोता लिप्ट सिचाई योजना, सहरे जिउला सिचाई योजना, फुक्रु जिउला सिचाई योजना, खारखोला पेदाखोला सिचाई योजना, मुलपानी सिचाई योजना, डाँरा तुसारे पम्पिङ्ग सिचाई योजना, देउताखोला मुडिगाड कोटगाउँ लिप्ट सिचाई, घापागार खेत सल्लीचौर सिचाई योजना, ओखरेनी खोला गाउँवारी किमटाकुरा पाइप सिचाई योजना, रानीचिउरा कोलडाँडा पेदा सिचाई मर्मत स्तर उन्नती, योजनाहरु प्रदेश सरकार संग साझेदारी

गरी कार्यान्वयन गरिनेछ । साना कुलो सिचाई र पाइप सिचाई निर्माण मर्मत संभार गर्ने गरी **यस क्षेत्रमा समग्र बजेट रु. ३५ लाख ७० हजार विनियोजन गरेको छु।**

२७. **भवन तथा शहरी विकासः** सहरी तथा बस्ती विकास भवन संहिता मापदण्ड २०७५गाउँपालिकाले जारी गरेको छ भने अर्को तिर गाउँपालिकाले शहरी तथा वस्ती विकासको विष्तृत परियोजना निर्माण गरेको हुनाले सोही बमोजिम भवन र सडक अनुमति,निर्माण र नियमन गरिनेछ । गाउँपालिका प्रशासकीय भवन संघीय सरकारवाट क्रमागत ३ बर्षे संपुरक अनुदानवाट संपन्न गर्ने गरी हाल चालु भएकै स्थानमा निर्माण गरिनेछ । वडा नं. ५, ८ र १० मा वडा कार्यालयहरु क्रमागत निर्माण गरिनेछ भने बाँकी वडा कार्यलयहरु जग्गा प्रप्तिको प्रथमिकताको आधारमा पहल गरिनेछ । संघ र प्रदेश सरकारबाट प्राप्त संपुरक तथा सशर्त र विशेष अनुदान बाट सुरक्षित नागरिक आवास कार्यक्रम केन्द्रबाट छनौट भएको नमुना विद्यालय रासी ज्ञानोदय मावि सिम्ली विद्यालयको क्रमागत भवन निर्माण र नेपाल राष्ट्रिय मा.वि. घापागार बालमैत्री भवन, शौचालय घेरावार  निर्माण योजना र शहिद स्मृति भवन छोटेवगर बजेट खर्च गर्ने कार्यविधिको आधारमा **यस क्षेत्रमा समग्र बजेट रु.४ करोड ८० लाख विनियोजन गरेको छु।**

२८. **उर्जा, लघु तथा साना जलविद्युतः**गाउँपालिकामा साना जलविद्युत आयोजना र वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन गरिनेछ।उज्यालोमा वस्न पाउँनु जनताको अधिकार लाई स्वीकार गर्दै गाउँपालिकालाई पूर्णरुपले उज्यालो दिन केन्द्रीय विद्युत लाइनको पहुँचमा पुऱ्याउने अभियानको नेतृत्व पूर्व उर्जा तथा गृह मन्त्री श्री जनार्दन शर्मा ज्युले गरेको हुनाले काम भएको छ, अपुग कामलाई पुरा गर्न ध्यान आकर्षण गरिएको छ।गाउँपालिका सरकार सवै बिद्यालयहरु र स्वास्थ्य संस्थाहरुलाई केन्द्रीय लाइनको पहुँच बृद्धि नहुँदा सम्म वैकल्पिक उर्जा (सोलार) पुऱ्याउने लक्ष्य कार्यान्वयनको  प्रक्रियामा छ । साना जलविद्युत आयोजना र वैकल्पिक उर्जा सम्बन्धी गाउँपालिका उज्यालो कार्यक्रम अन्तर्गत विद्युतीकरण गर्ने सनदर्भमा १२० किलो वाट विद्युत सरकारी, सहकारी र जनताको श्रम साझेदारीमा सम्पन्न भई गाउँपालिकामा सूचीकृत भएका जलविधुतहरुलाई संरक्षण, मर्मत संभार र काठको पोल बदल्न सहयोग गरिनेछ ।राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जाको सशर्त अनुदान कार्यक्रमको कार्यविधिको आधारमा खर्च गर्ने गरी **यस तर्फको समग्र बजेट रु.२० लाख  ५० हजार विनियोजन गरेको छु।**

२९. **सूचना सञ्चार र प्रविधि तर्फः**गाउँपालिकामा टेलिफोन सेवा उपलब्ध गराउने क्रममा नेपाल टेलिकम दुरसञ्चार र एनसेलका निर्माण भएका टावर प्रभावकारी सेवा सञ्चालन गर्न र टावर विस्तार गर्न वडा नं. ४ टुरा र वडा नं.११ अर्मा सानोलेकमा टावर सम्पन्न भै संचालनमा

आएता पनि फोन सेवा र 4G सेवा प्रभावकारी नभएकाले सम्बन्धित निकायलाई ध्यानाकर्षण गराइनेछ । दुली ६ को छहरा लेक सर्भे भई काम सुचारु भएको छ भने वडा नं.३ अध्याचौर र वडा नं. २ को भलाटाकुरीमा टेलिकम टावर निर्माणको योजना माग गरी संघीय सरकारको ध्यान आकर्षण गराइएको छ। गाउँपालिका र सबै वडा कार्यालयहरु, विषयगत कार्यालयहरु तथा प्रतिनिधिमूलक शिक्षा र स्वास्थ्य संस्थाहरुमा वाइफाइ जडान गरी संचालनमा आएकोले यसलाई निन्तरता दिइनेछ । कार्यालय क्षेत्रमा निशुल्क वाइफाइ सुविधा प्रदान गरिएको छ,वाइफाइको माध्यमवाट सञ्चालन वेबसाइटले गाउँपालिका सरकारको सवै सूचना प्रवाह गरेको छ, अनलाइनको माध्यमवाट गरिने समग्र काम र लेखा शाखाको शुत्र अनलाइन भुक्तानी लगायत जिल्ला, प्रदेश र संघीय सरोकारवालाहरुसंग अनलाइन बाट गरिने सवै कामहरु सहज ढंगले सम्पादन गर्न स्तर बृद्धि गरिनेछ ।

गाउँपालिका तथा मातहतका शाखाहरुले सम्पादन गरेका कामहरुलाई संथागत गर्न, पारदर्शीता कायम गर्न तथा नागरिकलाई सु-सूचित गराउन प्रत्येक ४ महिनामा सार्वजनिक सुनुवाई गरिनेछ । गाउँपालिकाले आयोजना गरेका ठुला कार्यक्रम, गाउँ सभा, सार्जननिक सुनुवाई आदिलाई स्थानीय सञ्चार माध्यमबाट प्रत्यक्ष प्रसारण गरिनेछ । गाउँपालिकाको विकास निर्माणका योजनाहरुलाई पारदर्शी बनाउन ३ लाख भन्दा माथीका योजनाहरुको सार्वजनिक लेखा परीक्षण अनिवार्य सञ्चार माध्यमबाट गर्ने व्यवस्था मिलाइने छ । मौराखारा सामुदायीक एफ एम सञ्चालनमा आएकोले गाउँपालिका भित्रको समग्र कामको प्रचार, निगरानी र जनताको हितमा परिचालन गर्दै सामुदायिक रेडियो मौराखारा एफ एम स्तरोन्नती तथा आवश्यक सामाग्री खरिद अनुदान, जनहितमा जारी लोक कल्यानकारी सूचना विज्ञापन प्रसारण तथा प्रकाशन, एक गाउँ एक पत्रकारको लागि आधारभूत पत्रकारीता तालिम सञ्चालन, संचारकर्मीको लागि क्षमता विकास तथा फेलोसिप तथा वाइफाइ महसुल, सुचना प्रणाली सफ्टवयर, पत्रपत्रिका छपाइ र सुचना प्रकाशन सहित **यस क्षेत्रमा रु.१६लाख ५ हजार बजेट विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

<u>वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फः</u>

३०. **वन तथा भु-संरक्षणः**गाउँपालिका वन ऐन अनुसार सामुदायिक वनमा पर्यापर्यटन/उद्यम प्रवर्द्धन वन व्यवस्थापनलाई दिगो बनाउँदै यस क्षेत्रको उपयोग र संरक्षण दुवैलाई प्राथमिकता दिइने नीति अनुसार वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी साझा अधिकारहरुमा संघ र प्रदेश सरकार संग समन्वय र सहकार्य गरी गाउँपालिकाको वन ऐन अनुसार नीति, कानून, मापदण्ड, योजना निर्माण गरी कार्यान्वयन र

नियमन गरिनेछ। मौराखारालाई  वातावरणीय,पर्यावरणीय र पर्यापर्यटन विकासको लागि समुदाय द्वारा संरक्षित क्षेत्रको अवधारणा र अध्ययन, जडिवुटी संरक्षण र प्रशोधन गरी आयुर्वेदिक औषधी, हर्वल र मसाज तेल उत्पादन कार्यक्रमको लागि पहल गरिनेछ । सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा जडिबुटी लगायत वन पैदावारमा आधारित उद्योग स्थापना गरिनेछ। स्थानीयस्तरमा सामुदायिक,कवुलियती र राष्ट्रिय वनको संरक्षण सम्वर्द्धन,उपयोग र नियमन गरिनेछ।वन उपभोक्ता समूहलाइ व्यवस्थित र सक्रिय वनाएर लेखा तथा अभिलेख व्यवस्थित गरी वन संरक्षण र उपयोगमा जिम्मेवारी र जवाफदेही वनाउन गाउँपालिका वन सहजकर्ता (कर्मचारी)।व्यवस्थापन गरिनेछ । सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रहरुमा वृक्षारोपण, सम्भार, गर्न जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन गरिनेछ।मध्यपहाडी, क्षेत्रीय सडक र वडाका कृषि सडकहरु तथा सानीभेरी र भेरी नदी फाँट वारीपारीको सार्वजनिक जमिनलाई क्रमशः गाउँपालिका सरकार र सरकारी कार्यालयको स्वामित्व  लिइएकोले वृक्षारोपन तथा संरक्षण गर्ने गरी **यस क्षेत्रमा रु १२ लाख १० हजार विनियोजन गरेको छु।**

३१. **जलाधार संरक्षणः** गाउँपालिकामा जलाधार, पानी मुहान संरक्षण, भू संरक्षण र जलाधार व्यवस्थापन, सामुदायिक अनुकूलन, खानी तथा खनिज पदार्थको संरक्षण, ढुंगा, गिट्टी, बालुवा, माटो, आदी खानीजन्य वस्तु सम्वन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन, खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग, व्यवस्थापन र स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन गरिनेछ।गाउँपालिकाको कानूनी मापदण्डमा खानी तथा नदीजन्य पदार्थको प्रयोग र विक्रि वितरण गर्न वातावरण ऐन र कार्यविधि अनुसार वातावरन प्रभाव मूल्याङ्कन गरि सोही मापदण्ड अनुसार उत्खनन्न विक्री वितरण अनुगमन र नियमन गर्ने गरी रु ३ लाख बजेट **विनियोजन गरेको छु।**

३२. **जलवायु परिवर्तनः**संघीय र प्रदेश सरकार, सरोकार सामाजिक संघ-संस्थाहरु संग साझेदारी गरी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्वच्छ, हराभरा र प्रदूषणमुक्त गाउँपालिका अभियान सञ्चालन गरी जैविक विविधता तथा जलवायु परिवर्तन अनुकलनमा सानीभेरी गा.पा. र आशा प्रोजेक्ट कार्यक्रम बिच सम्झौता भई सवै वडाहरुमा कार्यक्रम लागु भएकोले योजना निर्माणमा सहभागिता, योजना कार्यन्वयनमा साझा सहमति र नियमन गरिनेछ । जलवायु परिवर्तन बारे जनचेतना फैलाउन साँस्कृतिक कार्यक्रमको लागि यस क्षेत्रमा  २ लाख बजेट **विनियोजन गरेको छु।**

३३. **सरसफाई तथा फोहोरमैला व्यवस्थापनः**गाउँपालिकाले फोहरमैला ब्यवस्थापन कार्यविधि २०७५ निर्माण गरेकोले सोही बमोजिम कार्यान्वयन अनुगमन र नियमन गर्दै सरकारी, सहकारी र निजि

क्षेत्र, नागरिक समाजको संलग्नतामा गरिनेछ। फोहर ब्यवस्थापन सम्वन्धी रणनीति, योजना निर्माण कार्यक्रम र आम नागरिक तथा समुदायको चासो र संलग्नतामा अभिबृद्धि गरी फोहर संकलन देखि व्यवस्थापन सम्मका सबै फोहर र प्लाष्टिक जन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, वातावरणीय जोखिम न्यूनीकरण, प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गर्ने नीति भित्र रही फोहरमैला व्यवस्थापन गरिनेछ।गाउँपालिका स्तरमा डम्पिङ साटको दीर्घकालिन सोच सहित तत्काल लाई सिम्ली पेदी र चाइना बगरको वजारलाई फोहर ब्यवस्थापन गर्न **यस क्षेत्रको लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु।**

३४. **जल उत्पन्न प्रकोप नियन्त्रणः**संघीय र प्रदेश सरकारसंग गाउँपालिकाले समन्वय र साझेदारिमा तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र जल उत्पन्न प्रकोप व्यवस्थापनलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलतालाई आधार मानी अध्ययन, अनुसन्धान गरी वातावरण प्रभाव मूल्याङ्कन कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ।नदी नियन्त्रण र मानव वस्ति संरक्षणको लागी वढी जोखिम तथा धनजनको क्षति हुनसक्ने संभाव्यताको अध्ययन गरी तट्वन्धन र नदी नियन्त्रण गर्न चाईनाबगर देखि वाहुनिखेत खण्ड,ज्यमिरे पिरेतरादेखी बेलटापु हुदै रिम्ना दुइ भेरी खण्ड र हाँसीवाङ देखी छोटेवगर हुदै माझवगर फल्लेवगर सिस्नेखोला खण्ड नदि नियन्त्रण लगायत अन्य सम्भावित ठाँउहरुमा योजनावद्ध कार्यक्रम सञ्चालन गर्न संघीय र प्रदेश सकारसंग साझेदारी गरी उल्लेखनिय टत्वन्धन निर्माण गरिएतापनि अझै ब्यवस्थित र निरन्तर अगाडी बढाइने छ ।

३५. **विपद् व्यवस्थापनः**गाउँपालिकाले विपद् व्यवस्थापन सम्वन्धि ऐन र कार्याविधि निर्माण गरेको छ। सोहि बमोजिम नीति र मापदण्ड अनुसार योजना निर्माण गरी कार्यान्वयन र अनुगमन गरिनेछ। बिश्वव्यापी फैलेएको कोभिड-१९(कोरोना भाइरस) प्रकोप विपद् लाइ नियन्त्रण र रोकथाम गर्न विपद जोखिम न्युनिकरण, विपद प्रतिकार्य योजना,बिपद प्रतिकार्य टिम गठन, खोज तथा उद्धार, राहत सामग्रीको तयारी रवितरण गर्न गाउँपालिकाले मापदण्ड बनाएको हुनाले सोही वमोजिम काम गरिनेछ।विपद् व्यवस्थापन सम्वन्धी गाउँपालिकाले स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको विकास गर्न गाउँपालिकामा विपद व्यवस्थापन समिति गठन गरीएकोले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा सरकारी तथा गैरसरकारी, सामाजिक संघ संस्थाहरु र स्वयंसेवक भावना द्ववारा प्रेरित युवा जनशक्तिलाई परिचालन गरिनेछ।गाउँपालिकमा आइपर्ने विभिन्न खाले रोग र प्रकृतिक जन्य विपदको प्रतिकार्य गरी

जनताको जिउ धनको सुरक्षा गर्दै वडाहरुको लागी सवैखाले विपदजन्य प्रकोप नियन्त्रण, राहत र उद्धार व्यवस्थापन गर्नेगरी **यस क्षेत्रमा रु.१ करोड बजेट विनियोजन गरेको छु।**

३६. **वारुणयन्त्र(आगलागी नियन्त्रण):**मानवजन्य कृयाकलापले जान-अनजान, अचेत र लापरवाही वाट विद्युत सट् भई हुने आगजनिले प्राकृतिक श्रोत साधन र मानविय भौतिक संरचना र धनजनको ठुलो क्षति हुने गरेको छ । शहरी विकास उन्मुख वस्ति विकासको भौतिक संरचनाले घनावजार, विभिन्न व्यवसायहरु, सरकारी कार्यालयहरु, विभिन्न सेवा प्रदायाक संघ-संस्थाका कार्यालयहरु, शैक्षिक र स्वास्थ्य संघ-संस्थाहरुको वृद्धि विकास संगै सानीभेरीमा उर्जाको क्षेत्रमा क्रमशः विकास हुदै छ।गाउँ घर र वजार क्षेत्रमा लापरवाही र विद्युत सट भई हुने आकस्मिक आगजनि तथ व्यक्तिगत गलत नियतले जंगलमा हुने आगजनिलाई नियन्त्रण गर्नुपर्दछ।वन, गाउँ घर वजारमा हुने आगजनिप्रति पूर्ण सावाधान रहन सचेतना मुलक कार्याक्रम सञ्चालन गर्ने र केही मुख्य कार्यालयहरुमा आगो नियन्त्रण साधनहरुको व्यवस्थापन र वनमा आगजनि गर्नेलाई नियन्त्रण गरी विद्यमान वन ऐन बमोजिम कारवाही गरी वनको संरक्षणमा टेवा **पुऱ्याउन यसको लागि बजेट रु.१ लाख विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

**सुशासन तथा संस्थागत विकासको क्षेत्र तर्फः**

३७. **मानव संसाधन व्यवस्थापनः** गाउँपालिका सेवाको व्यवस्थापन सम्वन्धी नीति र कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण गरिएको छ। स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गरिनेछ।जनताका जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जन उत्तरदायी र सहभागितामूलक बनाउनु पर्दछ।आर्थिक वर्ष २०७८।०७९ को लागि नेपल सरकारको नीति कार्यक्रम र बजेटमा नेपाल, सरकार प्रदेश र स्थानीय सरकारको सम्पुर्ण स्थायी कर्मचारीहरुलाई तलव सेवा सुविधा वारे जुन नीति तय गरेको छ, सोही नीतिलाई कार्यान्वयन गरिनेछ।

**गाउँपालिकमा समग्र क्षेत्रको** कामलाई प्रभावकारी बनाउन- गाउँपालिका स्थायी दरबन्दि कर्मचारी तलव, स्थानीय भत्ता, महंगी भत्ता र पोशाक सहित (दरबन्दि कर्मचारी ३०), गाउँपालिका स्थायी कृषि र पशु दरबन्दि कर्मचारी तलव, स्थानीय भत्ता, महंगी भत्ता र पोशाक सहित (दरबन्दी ८), करार सेवा शुल्क- गाउँपालिका र वडा कार्यालयका करार कर्मचारी, कार्यालय सहयोगीको तलव र बालवालिका तथा सूचना प्रविधि अधिकृतको स्थानीय तथा महंगी भत्ता र पोशाक सहित (दरबन्दि कर्मचारी २६), गाउँपालिका नगर प्रहरी- तलव र खाद्यान्न सहित (दरबन्दि कर्मचारी ५) र सेवा सुविधा पदाधिकारी/जनप्रतिनिधि **सहित ३ करोड ४६ लाख २३ हजार विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

३८. **सुशासन तथा संस्थागत क्षमता विकासः**सानीभेरी गाउँपालिकामा सुशासन तथा संस्थागत विकासको क्रममा आम नागरिकको हित र सन्तुष्टि सर्वोपरी ठानी कार्य सम्पादन गर्नुपर्ने, जहाँ काम, त्यहाँ प्रशासन, जसलाई प्रश्न, उसकै जवाफ भन्ने मान्यतामा आधारित प्रत्यक्ष उत्तरदायित्व सुनिश्चित गर्न दक्ष जनशक्ति व्यवस्थापन गरी परिचालन गरिनेछ। आर्थिक वर्ष २०७८/०७९ मा संस्थागत कामलाई व्यवस्थित गर्न कार्यपालिका बैठक ३० वटा,गाउँ सभा बैठक ६ वटा,११ वडा कार्यालय बैठक १३२ वटा वैठकहरु सुविधामा गणना हुनेछ। पानी तथा विजुली, संचार महसुल (इन्टरनेट र फोन शुल्क गा.पा. र वडा कार्यालय),इन्धन(पदाधिकारी),इन्धन गा.पा. कार्यालय, सवै वडा कार्यालयहरु,सवारी साधन मर्मत खर्च गा.पा. र सवै विषयगत कार्यालयहरु,गाडी र बाइक विमा तथा नवीकरण खर्च,मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च,मसलन्द तथा कार्यालय सामाग्री गा.पा.कार्यालय र सवै वडा कार्यालयहरु,पुस्तक तथा सामाग्री खर्च, इन्धन-अन्य प्रयोजन(ग्यास र मट्टीतेल),पत्रपत्रिका,छपाई तथा सूचना प्रकाशन खर्च,नागरिक उपचार सहयोग, कर्मचारी तालिम खर्च(प्रशासनीक,प्राविधिक, लेखा, जिन्सी),सीप विकास तथा जनचेतना तालिम र गोष्ठी सम्बन्धि खर्च,विविध कार्यक्रम खर्च(विभिन्न दिवसहरु),अनुगमन, मूल्याङ्कन खर्च(जनप्रतिनिधि र कर्मचारी),भ्रमण खर्च(जनप्रतिनिधि र कर्मचारी),विविध खर्च (खाना चिया नास्ता) वडा कार्यालय समेत, सभा सञ्चालन खर्च, मेशिनरी सामान मर्मत तथा संम्भार र गाउँपालिका र वडा कार्यालय तथा विषयगत कार्यालयहरुको घरभाडा र सहित **यस क्षेत्रको समग्र खर्चको लागि रु.१ करोड ७७ लाख बजेट विनियोजन गरेको छु।**

३९. **राजस्व परिचालनः**गाउँपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँट, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी सबै आर्थिक कृयापकलापहरुलाई करको दायरामा ल्याई राजस्वको दायरा फराकिलो गरी राजस्व परिचालन समिति वनाएर व्यवस्थित गरिनेछ। आर्थिक कृयापकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाइ लगानीमैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन गर्ने, करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील वनाउन सरोकारवाला संग अन्तरकृया, विभिन्न छलफल र परामर्श गोष्ठी लगायत चेतनामूलक कार्यक्रम गर्ने र लक्ष्य अनुसारको समयसिमा भित्र वढी राजस्व संकलन गर्ने वडा र शाखालाई पुरस्कार स्वरुप थप योजना गाउँपालिकाले प्रदान गर्नेछ। सडक र सुविधाको पहुँचमा रहेको सार्वजनिक सम्पत्ति (ऐलानी) जग्गालाई संघ र प्रदेश सरकारको कानून सँग नवाझिने गरि व्यवस्थित गरी करको दायरामा ल्याइने छ। स्थानीय सरकारवाट जनताले सेवा सुविधा लिनु र राज्यलाई

जनताले कर बुझाउनु कर्तव्य भएकोले सेवा लिने अधिकार र कर बुझाउने कर्तव्यलाई समान कार्यान्वयन गर्ने गरी छलफल परामर्श गर्न **यस क्षेत्रको लागी बजेट रु. १ लाख विनियोजन गरेको छु।**

४०. **वित्तिय व्यवस्थापन र जोखिम न्युनीकरणः** गाउँ सभाबाट लेखा समितिले कानून बमोजिम आफनो क्षेत्राधिकार भित्र रही समग्र आय व्ययलाई व्यवस्थित पारदर्शी गर्न सहयोग गर्नेछ। संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारको सार्वजनिक खरिद ऐन र नियमावली, गापाको आर्थिक ऐन र सार्वजनिक खरिद नियमावली, विनियोजन ऐन तथा वित्तीय व्यवस्थापनका सवै कानूनहरु जानकारी लिएर मात्र सही कार्यान्वयन गर्न राजनीतिक इच्छा शक्ति र प्रतिबद्धता तथा प्रशासन संयन्त्रको सकारात्मक सक्रिय प्रभावको लागि कर्मचारी र जनप्रतिनिधिहरुलाई विषय विज्ञवाट अभिमुखीकरण र वित्तीय जोखिम न्युनिकरण गर्न अन्तरक्रिया गर्न **यस क्षेत्रको लागी बजेट रु. १ लाख विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

४१. **सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणः**गाउँपालिका सरकारले समग्र विषयमा सेवा प्रवाह समय सिमा भित्र प्रदान र प्रभावकारी वनाउदै विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरिनेछ। सरकार संचालनको समग्र कार्यप्रणाली सरल, पारदर्शी र उत्तरदायी बनाउदै वडाहरु र गाउँपालिका सरकारबाट निर्माण भएका विकास तथा पूर्वाधार संरचनाहरुको समयमै काम सम्पन्न गर्न र गुणस्तरको सुनिश्चित र प्रभावकारी नियमन गर्न समाजका अगुवाहरु, राजनीतिक दल, शिक्षक तथा वुद्धिजिवी र नागरिक समाज, सञ्चार मिडिया तथा युवा शक्ति र सेवा प्रदायक तथा सरोकार राख्ने सम्वन्धित पक्षहरुको उपस्थितिमा गापा सरकारले वार्षिक ३ चौमासिक सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण गरि सोही कुरा गाउँपालिकाको वेबसाइटमा राखिनेछ। **यस क्षेत्रको लागी बजेट रु. ३ लाख विनियोजन गरेको छु।**

४२. **आन्तरिक, अन्तिम लेखा परीक्षण तथ बेरुजु फर्छ्यौटः** गाउँपालिकाले आन्तरिक नियन्त्रण कार्ययोजना लागु गर्दा नेपल सरकार अर्थमन्त्रालय,महालेखा नियन्त्रक कार्यालय, स्थानीय सरकार संचालन ऐन, वित्तीय प्रणाली र गाउँपालिकाले जारी गरेका आर्थिक ऐन आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त,नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ। गाउँ कार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता,कार्यदक्षता र प्रभावकारिताको लागि पालिकाले आफ्नो र मातहतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गरिनेछ। गाउँ कार्यपालिकामा आर्थिक वित्तीय सुशासन प्रभावकारी वनाउन स्थानीय सरकारको लेखा समिति गाउँ सभावाट

गठन भइसकेको छ र आन्तरिक लेखा परिक्षण लाई व्यवस्थित र प्रभावकारी वनाई सम्वन्धित पक्ष,कार्मचारी र जनप्रतिनिधिहरुलाई अभिमुखिकरण र अन्तरकृया गरी जिम्मेवार र जवाफदेही बनाइने छ ।

४३. **सेवा प्रवाहका मापदण्ड निर्धारणः**सेवा प्रवाहको मापदण्ड जानकारीको लागि गाउँपालिका र वडा कार्यालयहरुमा सवैले देख्ने र वुझ्ने गरी नागरिक वडा पत्र राखिएको छ। यसलाई अझै परिष्कृत गरी समय सापेक्ष र प्रभावकारी वनाइनेछ। सेवा प्रवाह निकायको स्वरुप र प्रकृति,निकायको काम, कर्तव्य र अधिकार,निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण, सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रकृया र अधिकारी, निर्णय उपर उजुरी सुन्ने अधिकारी सुनिस्चित गरिनेछ। आर्थिक वर्षको कार्यक्रम वा आयोजना सम्वन्धी विवरण गाउँपालिकाको वेबसाइटमा राखी आफ्नो कार्यालयको सूचना नियमित रुपमा प्राप्त गर्ने प्रक्रियालाई व्यवस्थित **गर्न यस क्षेत्रको लागि बजेट रु. १ लाख विनियोजन गरेको छ।**

४४. **सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगको सन्दर्भमा गाउँपालिकाबाट गरिने सबै नीति, ऐन, कानून लगायत सम्पूर्ण निर्णयहरु नागरिकलाई जानकारी गर्न वेबसाईटको राजपत्र, नागरिक वडापत्र डिजिटल सूचना पार्टीलाई प्रयोगमा ल्याइएकोले यसलाई अझै प्रभावकारी वनाइनेछ। सूचना प्रविधिको प्रयोगको सन्दर्भमा गाउँपालिका कार्यालय, विषयगत कार्यालय र वडा कार्यालय हुदै क्रमशः मा. वि. हुदै सवै विद्यालयहरु, गाउँपालिका अस्पताल र सवै आधारभात स्वास्थ्य सेवा केन्द्रहरुमा डिजिटल हाँजिरी तथा अनलाइन सेवाको प्रयोग र विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्दै डिजिटल उन्मुख गाउँपालिका बनाउने लक्ष्य लिइएको छ। तत्काललाई गाउँपालिका र वडा कार्यालयहरु र मा.वि. सहित वडा नमूना विद्यालयहरु स्वास्थ्य चौकीहरुमा पुक्दो ध्यान दिएर **यस क्षेत्रको लागि बजेट रु. ११ लाख विनियोजन गरेको छु ।**

४५. **नागरीक सन्तुष्टी सर्वेक्षणः** सानीभेरी गाउँपालिका जनताको स्थानीय सरकार भएको हुनाले राज्यको श्रोत साधनलाई अत्यधिक नागरिक हितमा प्रयोग गर्न र जनशक्तिवाट गरिने सेवाप्रवाहका सम्पूर्ण कामप्रति नागरिकहरुको सन्तुष्टि र असन्तुष्टि के छ, यसलाई संस्थागत व्यवस्थापन गर्न आवश्यक संरचना, जनशक्ति र कार्यक्रम तय गरी जनतावाट सुझाव लिएर जनतालाई प्रभावकारी सेवा दिने नीति अवलम्वन गरीएको छ।

४६. **समपूरक बजेट व्यवस्थापनः** नेपालको संविधान २०७२ अनुसार राज्यको पुनर्संचना र राज्यशक्तिको वाँडफाट गर्ने क्रममा संघीय,प्रदेश र स्थानीय सरकार गठन र तिनै तहको एकल र साझा अधिकार सूची अनुसार राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग र अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐनले वित्तीय संघीयता अनुरुप सिफारिस गरे बमोजिम संघ र प्रदेश वाट

स्थानीय तहको साझेदारी मागको आधारमा उत्पादन तथा विकास निर्माणको काम गर्ने गरी **समपूरक बजेट रु २ करोड विनियोजन गरेको छु ।**

४७. **अन्तर तह/निकाय समन्वयः**नेपालको संविधान २०७२ को मुल मर्म र भावना अनुसार सानीभेरी गाउँपालिका सरकारले अन्तर तह र निकाय, संघ र प्रदेश सरकार र जिल्ला समन्वय तथा संघ र प्रदेशमा प्रतिनिधित्व गर्नुभएका माननीय सदस्यज्युहरु, अन्य स्थानीय तहहरु संग र सरकारी तथा गैर सरकारी संघ-संस्थाहरु संग समन्वय, सहकार्य र साझेदारी कार्ययोजनामा अगाडी दढ्न आवश्यक सवै प्रकारका कार्यक्रम र वैठकको लागि समन्वयको काम **गर्न यस क्षेत्रको लागि बजेट रु २ लाख विनियोजन गरेको छु।**

४८. **सुरक्षा सम्बन्धिः** गाउँपालिकाले नगर प्रहरी वारे निर्देशन, नियन्त्रण, परिचालन र भरनपोषण गर्ने नीति, कानून, मापदण्ड वनाएकोले संघीय, प्रदेश र स्थानीय कानूनको अधिनमा रही नगर प्रहरीको कमाण्ड विस्तार, सञ्चालन तथा व्यवस्थापन र नियमन गरिनेछ।जिल्ला प्रहरी कार्यालय लगायत जिल्ला स्थित सवै सुरक्षा निकायहरु र स्थानीय प्रहरी चौकीहरुसंग आपसी समन्वय र सहकार्य, सुरक्षा लगायत आवश्यक समग्र विषयमा साझेदारी गरी जनताहरुलाई प्रभावकारी सेवा प्रवाह गरिनेछ।स्थानीय तहमा घट्ने अपराधिक घटना नियन्त्रण र न्युनीकरण गर्न कानूनी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।प्रहरी चौकी सिम्ली र चाइनावगरलाई कार्यालयमा आवश्यक पर्ने भौतिक सामाग्री,वाइक मर्मत र इन्धन तथा विपदको अवस्थामा आवश्यक सामाग्री र कार्यालय खर्चको लागि **यस क्षेत्रको बजेट रु. ३ लाख विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

४९. **सरकारी तथा गैर सरकारी संस्थाहरु वारेः**आशा प्रोजेक्ट कार्यक्रम, रुकुमेली समाज विकास केन्द्र,सुआहारा र स्वास्थ्यका लागि सक्षम प्रणाली कार्यक्रम, बहुक्षेत्रीय पोषण योजना कार्यक्रम,गरीबसंग विश्वेस्वर कार्यक्रम, के.यू.वि.के (KUBK) कार्यक्रम लगायत यस क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्थाहरुसंग समन्वय, सहकार्य, साझेदारी गरी कुनै पनि आयोजनामा दोहरोपन नहुनेगरी परिनाममुखी काम देखीने र जनताले प्रत्यक्ष लाभलिनेगरी सहमति र साझेदारीमा योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन, अनुगमन, नियमन र समिक्षा गरी कार्यक्रममा दिगोपना, सुशासन र प्रभावकारिताको आधारमा निरन्तरता दिने नीति लिइएको छ । गैरसरकारी संघ संस्थाहरुको उत्पादन तथा सेवामुलक कार्यक्रम हेरी तत्काललाई स्वास्थ्यको लागि सक्षम प्रणाली ले संचालन गर्ने मुख्य क्रियाकलाप- स्वास्थ्य पहुँच र समानुपातिक उपभोगमा सुधार, स्वास्थ्य संस्था र समुदायमा प्रदान गरिने सेवामा गुणस्तर सुधार, स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरण र कोरोना भाईरस रोकथाम नियन्त्रण कार्याक्रम कार्यान्वयन वजेट रु ५ लाखमा गाउँपालिकाले साझेदारी २ लाख सहित**बजेट रु. ७ लाख विनियोजन गरेको छु।**

५०. **न्यायिक समिति सम्वन्धि काम र प्रस्तावनाः**नेपलको संविधान र स्थानीय सरकार संचालन ऐनले न्यायिक समितिलाई दिएको अधिकार सिमा भित्र गाउँपालिकाको कानून बमोजिम उजुरीको

कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि २०७५ निर्माण गरी सकेको हुनाले स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्यायप्रतिको जनविश्वास कायम राखिनेछ।न्यायिक समितिको कार्यालय संचालन तथा मेशनरी मर्मत र मसलन्द खर्च, घरभाडा, कार्य प्रगति विवरण फारम छपाई, मेलमिलाप केन्द्रका पदाधिकारीहरुलाई चौमासिक अन्तरकृया, वडामा सिफारिस सफल असफलमुद्दाको मासिक बिवरण संकलन तथा बैठक, वडा मेलमिलाप केन्द्रका मेलमिलाप कर्ताहरुलाई न्यायीक अभ्यास गर्न अन्तरकृया र न्याय सम्पादनमा योगदान गर्नेलाई पुरष्कृत गर्ने, न्याय समितिको मासिक बैठक र वार्षिक प्रगति समिक्षा सहित **समग्र न्यायको कामलाई व्यवस्थित गर्ने गरी रु. ३ लाख विनियोजन गरेको छु।**

५२. **जनयुद्ध र जन आन्दोलनः** गाउँपालिकामा जनयुद्ध र जनआन्दोलनका महान शहिद परिवार, घाईते अपाङ्गता हरुको योगदानलाई वार्षिक रुपमा गाउँपालिका सरकारले सम्मान गर्दै आएको छ ।सामाजिक रुपमा शहीदहरुको स्थापित मूल्य-मान्यता संस्कारको विकास गरेतापनि सबै शहीद परिवारको अवस्था व्यवस्थित हुन सकिरहेको छैन यसलाई विशेष ध्यान दिइनेछ ।जनयुद्ध र जनआन्दोलनका महान शहीद परिवारहरुलाई सम्मान तथा सहयोग र सबै शहीद परिवारहरुलाई मासिक १ हजार सामाजिक सम्मान भत्ता सहयोग गर्ने गरी गरी **८ लाख ८८ हजार बजेट विनियोजन गरेको छु।**

५३. **सामाजिक सुरक्षा भत्ताः** व्यक्तिगत घटना दर्ता प्रणालीलाई व्यवस्थित गर्दै जेष्ठ नागरिकहरुको अनिवार्य सनराइज बैंक शाखा कार्यालयमा खाता खोली बैंक मार्फत सेवा ग्राहालाई भुक्तानी दिने प्रक्रिया कोभिड १९ को कारणले प्रभावित भएतापनि अवस्था सहज भएमा निरन्तरता दिइनेछ ।नेपाल सरकारको राष्ट्रिय कोष वाट वितरण गरिने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न मापदण्ड पुगेका कुनै पनि नागरिकले खाइपाई आएको सामाजिक सुरक्षा सेवा सुविधा छुट्ने छैन। सम्वन्धित वडा कार्यालयहरुले आफनो सेवा क्षेत्र भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरिकहरुको व्यक्तिगत विवरण एम आइ एस मा इन्ट्रि अपडेट गरी डाटालाई व्यवस्थित र पारदर्शी वनाई सेवाग्राही जनतालाई समयमा वितरण गरिनेछ।दलित बालवालिका,जेष्ठ नागरिक भत्ता (७० वर्षमाथि),जेष्ठ नागरिक भत्ता (दलित ७० वर्षमाथि),अति असक्त अपाङ्ग,असहाय एकल महिला भत्ता (६० वर्ष मुनि आयश्रोत नभएका, न्यून आय भएका श्रम गर्न नसक्ने, अपाङ्गता भत्ता (पूर्ण असक्त अपाङ्गता भएको,विधुवा महिलाा र असहाय एकल महिलाा भत्ता (६० वर्ष माथिका) लगायत यस क्षेत्रमा **डाटा अपडेट र मागको आधारमा हाल सम्म रु. ४ करोड ६८ लाख प्राप्त हुने देखिएकोले मापदण्डमा वितरण गरिनेछ ।**

५४. **नागरिक उपचार सहयोग गर्ने वारे-** गाउँपालिकाले उपचार सहायता कार्याविधि निर्माण गरेको हुनाले सोही वमोजिम मापदण्डको आधारमा जनयुद्ध र जनआन्दोलनका घाइते अपाङ्ग लगायत

असहाय विपन्न जनतालाई उपचार सहयोग गर्ने गरी **यस क्षेत्रमा रु. ८ लाख वजेट विनियोजन गरेको छु।**

**५५. बहुक्षेत्रीय पोषण कार्यक्रमः** गाउँपालिकामा  महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने, पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन गर्न पोषणमैत्री वार्ड घोषणाका लागि एक वडा, एक पोषणमैत्री नमूना गाउँको अभियान यसै वर्षबाट कार्यान्वयन गरिनेछ । महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस गाउँपालिकाले उच्च प्राथमिकतामा राखेकोले सोही अनुरुप चालु आ.व. २०७८।०७९ को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस गाउँपालिकाले छुट्याएको समपूरक रकम समेतलाई विषयगत तथा क्षेत्रगत विनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ । गर्भवति, सुत्केरी र बालबालिकालाई गाउँपालिका उपाध्यक्ष कोसेली पोषण झोला वितरण, एक घर, एक नमूना करेसाबारी,गर्भवति सम्मान, भेला र घुम्ती भिडियो एक्सरे सेवा, सबै गर्भवतिहरुको घर घरमा झण्डा र हात हातमा अण्डा, गर्भवति र सुत्केरीहरुलाई पोसिलो पिठो वितरण, सुनौला हजार दिनका आमाहरुसंग आयआर्जन कार्यक्रम,एक वडा, एक पोषणमैत्री नमूना गाउँ कार्यक्रम,पोषणमैत्री गाउँ, टोल र पोषण मैत्री वडा घोषणा कार्यक्रम,पोषण सहजकर्ता परिचालन,एक वडा, एक पोषण दुतका लागि किशोरी कार्यक्रम,कुपोषण पहिचानका लागि समुदाय स्तरमा पोषण लेखाजोखा,सबै स्वास्थ्य संस्था, वडा कार्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रर्दशनी कक्ष निमार्ण,एक गर्भवति, एक फलफूलको बिरुवा वितरण कार्यक्रम,एक घर, एक जुठेल्नो निमार्ण कार्यक्रम,सासु बुहारी र श्रीमान श्रीमति अन्तरक्रिया कार्यक्रम र पशुजन्य श्रोत उपभोगका लागि सुनौलो हजार दिनका आमाहरुलाई अण्डा, कुखुराका चल्ला, घिउ वितरण गरिने छ । महिला र बालबालिकाको स्वास्थ्य अभिवृद्धि गर्नमा उल्लेखनीय भूमिका निर्बाह गर्दै आउनु भएका महिला स्वयमसेवकहरुका लागी क्षमता विकास तथा प्रोत्साहन र पोषण सहज कर्ताको साझेदारी पारश्रमिक सहित **यस क्षेत्रमा  सशर्त सहित ३० लाख ७४ हजार बजेट विनियोजन गरेको छु ।**

**५६. रोजगार कार्यक्रम वारे**-प्रधानमन्त्री रोजगारमा गाउँपालिकामा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउनु, सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जिवनयापन सुधार ल्याउन संघीय सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याई

कार्यविधि जारी गरेको हुनाले सोही मापदण्डको आधारमा वडाहरुवाट छनोट भई गाउँ सभाबाट पास भएका योजनाहरुमा सक्दो वडाहरुको सझेदारीमा खर्च गरिनेछ ।रोजगार संयोजक र प्राविधिक सहायकको तलव, भत्ता र पोसाक तथा रोजगार सेवा केन्द्रको सुदृढीकरण र रोजगार सेवा केन्द्रको सँचालन गर्ने सशर्तको रुपमा **जम्मा रु. २ करोड ८४ लाख** विनियोजित बजेटलाई गाउँपालिकाले प्रभावकारी रुपमा कार्यान्वयन गर्नेछ।

५७. **पञ्जीकरण शाखा र कार्यक्रम वारे**- स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन एम. आई. एस. अपरेटर र फिल्ड सहायक कर्मचारी व्यवस्थापन, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली व्यवस्थित गर्न मेशिनरी औजार तथा फर्निचर मर्मत सम्भार, मसलन्द सामान खरिद, सञ्चार सामाग्री प्रसारण तथा छपाई, विभागले उपलव्ध गराएको तालिम खाका बमोजिम घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धमा गापा/वडा कार्यालयका कर्मचारीहरुको लागि तालिम तथा जनप्रतिनिधिलाई अभिमुखिकरकण र दर्ता शिविर सञ्चालन गर्न केही काम बाँकी भएकोले यस तर्फ रु. **२२ लाख ८५ हजार वजेट विनियोजन गरेको छु ।**

**अन्त्यमा,**प्रस्तुत नीति,कार्यक्रम र बजेट तर्जुमा गर्न महत्वपुर्ण सुझाव दिनु हुने प्रतिनिधि सभाका माननीय सदस्यज्यू,कर्णाली प्रदेशका माननीय मन्त्री तथा सभा सदस्यज्यूहरु, जिल्ला समन्वय समितिको प्रमुखज्यू, जिल्ला स्थित विषयगत कार्यालयका प्रमुखज्यूहरु, कार्यपालिका तथा गाउँसभाका माननीय सदस्यज्यूहरु र विभिन्न राजनीतिक दलका नेताज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। नीति तथा कार्यक्रम छलफलका क्रममा सुझाव दिनुहुने स्थानीय सरकारका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत विषयगत शाखाका वरिष्ठ कर्मचारीज्यूहरु, शहिद परिवार, घाइते अपाङ्ग तथा लक्षित वर्ग समुदायका प्रतिनिधिज्युहरु, युवा साथीहरु, निजी क्षेत्र तथा नागरिक समाज, शिक्षक, वुद्धिजिवीहरु गैरसरकारी तथा सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, पत्रकार, संचार मिडिया र सुरक्षा निकायका प्रतिनिधिज्यूहरु लगायत गाउँपालिका भित्र र बाहिर रहनु भएका सम्पुर्ण आमा-बुवा दिदी-बहिनी दाजु-भाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद।**

आज्ञाले,
नामःभूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत